का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ फागुन २०८२
आइतबार
15 February 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २४, अंक २४। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# प्रियतावादको विपक्षमा कांग्रेस



चरम प्रियतावादबाट वशीभूत भएर शान्तिप्रिय जनताको मन भाँड्ने कृत्य हामीबाट किन्चित कल्पित र सम्भव छैन। आमजनता, मतदातामाझ सभ्य, सुसंस्कृत र सन्तुलित शैलीलाई केन्द्रमा राख्छौं।

● **देवराज चालिसे**
**प्रवक्ता**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ फागुन

पछिल्लो समय नेपाली राजनीतिमा लोकप्रियतावादी चरित्र हाबी हुँदै गएको छ। तर साढे सात दशक पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेसको निश्कर्ष छ- 'राजनीतिमा लोकप्रियतावाद जनपक्षीय हुँदैन।' हुन त कांग्रेसको विशेष महाधिवेशनबाट आएको नयाँ नेतृत्वले कतै न कतै लोकप्रियतावादी चरित्रको प्रतिनिधित्व गर्ने आरोप लाग्ने गरेको छ।

यद्यपि यसलाई कांग्रेसको वर्तमान नेतृत्व र केन्द्रीय समितिले स्वीकार गरेको छैन। किनकि तीन दशक लामो राजनीतिक संघर्षबाट उदायका नेता गगन गापा पार्टीको मूल नेतृत्वमा पुगेका छन्। कांग्रेसले पछिल्लो पटक नेपाली राजनीतिमा देखिएको चरम लोकप्रियतावादी चरित्रमाथि टिप्पणी गरेको छ। 'चरम प्रियतावादबाट वशीभूत भएर शान्तिप्रिय जनताको मन भाँड्ने कृत्य हामीबाट किन्चित कल्पित र सम्भव छैन', कांग्रेसले भनेको छ। कांग्रेस केन्द्रीय प्रचारप्रसार समितिले शनिबार पत्रकार सम्मेलनमार्फत चुनावी प्रचारप्रसारको औपचारिक कार्यक्रमबारे जानकारी दिनेक्रममा नागरिकलाई भनेअनुसार पूरा गर्न सकिने एजेन्डा मात्रै लिएर मतदातामाझ जाने बताएको छ।

हरेक निर्वाचनलाई जनतामाझ आफ्नो एजेन्डा लिएर जाने, व्यापक विमर्श गरेर जनताको भावनाबाट परीक्षित हुने र सदभावपूर्ण वातावरण बनाई लोकतान्त्रिक पर्यावरण उत्थान गर्ने अवसरका रूपमा उपयोग गर्ने कांग्रेसका प्रवक्ता एवं प्रचारप्रसार समितिका संयोजक देवराज चालिसेले बताए।

आगामी प्रतिनिधिसभाको निर्वाचनका लागि प्रतिज्ञापत्रमै प्रियतावादी चरित्रमाथि विश्वास नगर्ने दृष्टिकोण नै सार्वजनिक गर्न लागिएको कांग्रेसको भनाइ छ। पार्टीले आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको औपचारिक चुनावी कार्यक्रमलाई फागुन ६ गतेबाट देशभर अभियानका रूपमा लैजाँदैछ। उक्त चुनावी अभियानमा प्रतिज्ञापत्र लिएर मतदातामाझ जाने तयारी छ। नागरिकको समृद्धि, समावेशिता र र ाष्ट्रहितप्रतिको प्रतिबद्धतालाई प्रखर ढंगले प्रवाहित गर्ने कांग्रेसले जनाएको छ। 'फागुन ६ गते मधेश प्रदेशको राजधानी जनकपुरमा विशाल आमसभा हुँदैछ', चालिसेले भने, 'चुनावी अभियानमा नेपाली जनताको समृद्धि, समावेशिता र राष्ट्रहितप्रतिको अखण्ड प्रतिबद्धता प्रखर ढंगले प्रवाहित हुनेछ।'

आइतबार सार्वजनिक गरिने प्रतिज्ञापत्रमा मुलुकको समृद्धिका प्राथमिकता, जनताका सुख, दुःख र विचारशील लोकतन्त्रका आयामहरूको मर्म समेटिने महामन्त्री गुरूराज घिमिरेले बताए। उनले मध्यान्हसँग भने, 'पार्टी सभापति गगनकुमार थापाकै अगुवाइमा निकै अध्ययन, अनुसन्धान र विमर्श भइ तयार भएको यस पटकको प्रतिज्ञापत्रले मुलुकको समृद्धिका प्राथमिकता, जनताका सुख, दुःख र विचारशील लोकतन्त्रका आयामहरूको मर्म समेटी एउटा सुन्दर भविष्यको खाका दिनेछ।' सोही दस्तावेजका आधारमा कांग्रेसले अबको पाँच वर्षको कार्यव्यवहार मूल्याकंन गर्ने हरेक अधिकार नेपाली जनताले राख्ने उनको दाबी छ।

'पारदर्शिता, जवाफदेहिता र प्रभावकारी कार्यप्रवाहबाट लोकतन्त्रलाई गतिशील र जीवन्त बनाउनसक्ने खुबी नेपाली कांग्रेससँग पृष्ठ २ मा




# ब्यालेट बाहिरै विप्लव




मेरो जित पक्का छ। कालिकोटे जनताले मलाई २०६४ सालमै जिताएर पठाएका हुन्। यसपटक पनि सबैको चाहनाअनुसार नै उम्मेदवार बनेको हुँ

■ **खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'**
**प्रतिनिधिसभा सदस्य उम्मेदवार**
**कालीकोट**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ फागुन

नेकपा माओवादीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले गत पुस ५ गते प्रधानमन्त्री बनेर 'गोरुजस्तो जोतिएर' देशको सेवा गर्ने चाहना प्रकट गरे। काठमाडौंमा केही जेनजी अगुवासँगको अन्तर्क्रियामा प्रधानमन्त्रीको आकांक्षा सुनाएका उनै विप्लव फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा भने उठेनन्। त्यसैले उनको प्रधानमन्त्रीको सपना चुनावअघि नै तुहिएको छ।

जेनजी आन्दोलनले २०८४ मा हुने आवधिक निर्वाचन दुई वर्षअघि नै तानियो। नियमित निर्वाचनभन्दा फरक परिवेशमा हुने यो निर्वाचन पुराना दलहरूका लागि चुनौतीपूर्ण मानिएको छ। वैकल्पिक दलको चुनावी चर्चा बढ्दै जाँदा सुरुमा विप्लवले आफूलाई सबैभन्दा प्रभावशाली वामपन्थी नेताका रूपमा अघि सारेका थिए। तत्कालीन माओवादी केन्द्रसँग पार्टी एकताका लागि पहल नगरेका पनि होइनन्। तर सफल भएन। तत्कालीन माओवादी संसदीय भासमा पृष्ठ २ मा



## प्रकाण्डलाई पनि छैन सजिलो

संसदीय राजनीतिलाई निरन्तर बहिष्कार गर्दै आएका विप्लव र उनको दललाई यसपटकको चुनाव जित्न निकै कठिन देखिन्छ। पटकपटकका संसदीय निर्वाचनमा औपचारिक बहिष्कार गरेको विप्लव समूहले रुकुम रोल्पालगायत केही ग्रामिण भेगमा उनका कार्यकर्ता स्वतन्त्र उम्मेदवार बनेर उठ्दै आएका थिए। तर कसैले पनि जितेको तथ्यांक छैन। यसपटक पार्टी प्रवक्ता समेत रहेका खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'लगायत केही नेतालाई जिताउन नेकपा माओवादीले एमालेसँग तालमेलको कसरत पनि गरिरहेको छ। तर माओवादीले सोचेजस्तो उभार ल्याउन सकेको छैन। शान्ति प्रक्रियामा आएको १८ वर्षपछि कालिकोटबाट गुलाव चुनाव चिह्न लिएर उम्मेदवारी दिएका प्रवक्ता विश्वकर्मा निर्वाचन जित्नेमा विश्वस्त छन्। पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# युएईमा नेपालीहरूको स्वास्थ्य समस्या बढ्दो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ फागुन

संयुक्त अरब इमिरेट्स (युएई)मा कार्यरत नेपाली कामदारमा मानसिक स्वास्थ्य समस्या बढेको देखिएको छ। युएईस्थित नेपाली दूतावासले शुक्रबार आयोजना गरेको युएईका आबुधावीलगायत अन्य इमिरेट्सका विभिन्न अस्पतालमा कार्यरत नेपाली चिकित्सकहरूसँगको अन्तरक्रिया कार्यक्रममा चिकित्सकहरूले उक्त जानकारी दिएका हुन्।

युएईमा कार्यरत नेपाली श्रमिकहरूले भोग्नुपरेका शारीरिक तथा मानसिक स्वास्थ्य समस्याहरू र तिनीहरूको समाधान एवं रोकथामका लागि अपनाउनुपर्ने उपायहरूका बारेमा विस्तृत र सघन रूपमा छलफल भएको कार्यक्रममा युएईमा लामो समयदेखि चिकित्सक पेसामा आबद्ध करिब २५ जना नेपाली चिकित्सकहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा सहभागी चिकित्सकहरूले स्वास्थ्य जाँच गर्ने क्रममा नेपाली श्रमिकहरूमा शारीरिक तथा मानसिक दुवै किसिमका समस्याहरू देखापर्ने गरेको र मानसिक स्वास्थ्य समस्या बढी मात्रामा रहेको बताए। मानसिक समस्याले उच्च रक्तचाप, हृदयघातको समस्या, मिर्गौलाको समस्या, मानसिक तनाव एवं डिप्रेसन, कार्यस्थल तथा ट्राफिक दुर्घटना तथा महिलाहरूसँग सम्बन्धित विभिन्न स्वास्थ्य समस्याहरू देखिएको भन्दै चिकित्सकहरूले मानसिक पृष्ठ २ मा

## युएईमा भ्रामक विज्ञापन गर्ने २ सय बढी सामाजिक सञ्जाल बन्द

**काठमाडौं/मस-** युएईको मानव संशाधन तथा इमिरेटाइजेसन मन्त्रालयले इजाजतपत्र बिना घरेलु कामदार भर्नासम्बन्धी अवैधानिक प्रचार गर्ने २ सयभन्दा बढी सामाजिक सञ्जाल बन्द गरेको छ।

युएईमा नक्कली घरेलु कामदार भर्नासम्बन्धी प्रचारका कारण महिलाले १० हजार दिराम गुमाएको समाचार सार्वजनिक भएपछि मानव संशाधन तथा इमिरेटाइजेसन मन्त्रालय अवैधानिक सामाजिक सञ्जाल बन्द गर्न अग्रसर भएको हो। युएईले स्थानीय नम्बरमा सम्पर्क गरेर भ्रामक विज्ञापनहरूबारे पृष्ठ २ मा

पुरानै दल भए पनि नेतृत्वमा नयाँ अनुहारका रूपमा तारिक रहमान शक्तिमा आएका छन्। रहमान पहिलो पटक औपचारिक रूपमा पार्टीको नेतृत्वमा आएका हुन् र चुनाव पनि पहिलो पटक नै लडेका हुन्। उनैलाई नयाँ प्रधानमन्त्री बनाउने भनेर बिएनपी चुनावमा गएको थियो। जनताले दुईतिहाइ बढी सिटमा यही दलका उम्मेदवारलाई जिताइदिए।



# बंगलादेशमा पुरानै शक्तिको पुनरोदय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ फागुन

बंगलादेशमा पुरानै शक्तिको पुनरोदय भएको छ। निर्वाचनमा दुईतिहाइ बढी सिट जितेर बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) शक्तिमा आएको हो।

संसद्का तीन सय सिटका लागि भएको निर्वाचनमा बिएनपीले २०९ स्थानमा जित हासिल गरेको छ। योसँगै बिएनपीले सरकार बनाउने निश्चित भएको छ। यो पार्टीका प्रमुख तारिक रहमान हुन्।

बंगलादेशमा आवधिक निर्वाचन भएको होइन। दुई वर्षअघिको निर्वाचनमा अवामी लिगले चुनाव जितेको थियो। नेतृत्वमा शेख हसिना थिइन्। उक्त निर्वाचनमा धाँधली गरेको आरोप उनीमाथि थियो।

पछिल्लो डेढ दशकसम्म बंगलादेशमा शेख हसिनाको नेतृत्व सरकार चल्यो। उनी नेतृत्वको शासनलाई विपक्षीले अहंकारी भनेर टिप्पणी गर्दथे। लोकतान्त्रिक प्रक्रियामा हस्तक्षेप गरेको आरोपहरू पनि लागेका थिए। त्यही शासनको अन्त्यको माग गर्दै विद्यार्थीहरूले आन्दोलन गरे। आन्दोलनका क्रममा शेख हसिनाको नेतृत्वको सरकार ढल्यो। हसिना देश छाडेर भाग्न बाध्य भइन्।

विद्यार्थीहरूको आन्दोलनको लामो समयपछि भएको निर्वाचनमा अवामी लिगले चुनाव नै लड्न पाएन। निर्वाचनमा नयाँ र अन्य पुरना दलहरू प्रतिस्पर्धामा थिए। जनताले अर्को पुरानै शक्तिलाई सत्ताको चाबी दिए।

पुरानो शक्ति भए पनि नेतृत्वमा नयाँ अनुहारका रूपमा रहमान शक्तिमा आएका छन्। रहमान पहिलो पटक औपचारिक रूपमा पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३ फागुन २०८२ आइतबार
15 February 2026 Sunday

# ठेक्का अलपत्र सधैंको समस्या

सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार अधिकांश निर्माण व्यवसायी आपूर्तिकर्ताहरूले समयमै काम नसक्दा कालोसूचीमा राख्नुपरेको हो ।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २ फागुन

समयमै काम नसकेर ठेक्का अलपत्र पार्ने निर्माण व्यवसायी कालोसूचीमा परेका छन् ।

गोकर्णेश्वर नगरपालिका वडा नम्बर २ काठमाडौंका पीएनडि शेर्पा कन्स्ट्रक्सन प्रालिले समयमै निर्माणका काम गर्न सकेन । सम्झौता अनुरूप काम गर्न नसकेपछि पूर्वाधार विकास कार्यालय ओखलढुंगाले एक वर्षका लागि कालोसूचीमा राख्ने भनेर सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्र पठायो । सोहीअनुसार फागुन १ गते बसेको कार्यालयको बैठकले निर्णय गरेर २ गतेदेखि लागू हुनेगरी कालासूचीमा राखेको छ । सार्वजनिक खरिद अनुगमनको कार्यालयका अनुसार कालोसूचीमा राखिएको अवधिभर कुनै पनि खरिद कारबाहीमा भाग लिन पाइँदैन ।




त्यस्तै, बेनीघाट धादिङको डिपी कँडेल निर्माण सेवालाई पनि एक वर्ष कालोसूचीमा राखिएको छ । निर्माण सेवाले सम्झौता गरे अनुसारको काम समय अवधिभर सम्पन्न गर्न नसकेपछि सडक डिभिजन नुवाकोटले कालोसूचीमा राख्न पत्र पठाएको थियो । प्रणालीका मुख्य व्यक्ति ध्रुवप्रसाद कँडेल हुन् । उनलाई एक वर्षका लागि सार्वजनिक सेवासम्बन्धी कुनै पनि काम गर्न पाउने छैनन् ।

त्यस्तै चितवन माडी १ का जी.एम. आर कन्स्ट्रक्सन नेपाल प्रालिलाई पनि एक वर्षका लागि कालोसूचीमा राखिएको छ ।

उक्त प्रालिले पनि समय अवधिमा निर्माण सेवाका काम सम्पन्न नगरेपछि एक वर्षसम्म कुनै सार्वजनिक निकायका काम नगर्नको लागि निर्देशित गरिएको छ । प्रणालीका मुख्य व्यक्ति गणेश पाण्डे हुन् ।

विभिन्न सार्वजनिक निकायका ठेक्का अलपत्र पार्ने च्याङरासी निर्माण सेवा, धादिङको पृथ्वी निर्माण सेवा, धादिङ पूजा कन्ट्रक्सन, निजगढ ६ बाराको पम्फा निर्माण सेवा, पञ्चकन्या ३ नुवाकोटको मनकामना कन्ट्रक्सन प्रालि, हेटौंडा उपमहानगरपालिका ११ मकवानपुरको भिजन कन्ट्रक्सन प्रालिलगायत २० वटा नर्माण व्यवसायी र आपूर्तिकर्ता कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ को उप दफा १ बमोजिम कालोसूचीमा राखिएको अनुगमन कार्यालयका सहसचिव रामवन्धु सुवेदी बताउँछन् ।

'सम्वन्धित सार्वजनिक निकायहरूबाट लेखी आए बमोजिम कार्यालयले फागुन १ गतेको निर्णयअनुसार सार्वजनिक खरिद ऐन अनुसार एक वर्षका लागि कालोसूचीमा राखिएको हो,' उनले भने, 'कालोसूचीमा राखिएका उक्त निर्माण व्यवसाय आपूर्तिकर्ताहरूले कालोसूचीमा राखेको अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन पाउने छैनन् ।'

कार्यालयको निर्णय अनुसार अधिकांश कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ भने केही कम्पनीलाई खरिद प्रक्रियाबाट वञ्चित गरिएको छ ।

कार्यालयले यसअघि सूचना जारी गर्दै यी कम्पनीहरूलाई तोकिएको समयभित्र लिखित स्पष्टीकरण पेस गर्न समेत निर्देशन दिएको थियो ।

कालोसूचीमा परेका कम्पनीहरूले तीस दिनभित्र आफ्नो स्पष्टीकरण कार्यालयमा लिखित रूपमा पेस गर्नुपर्छ । स्पष्टीकरण सन्तोषजनक नभएमा नियमावली अनुसार कारबाही हुने पनि कार्यालयले जनाएको छ ।

## प्रियतावादको...

छ', पार्टीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो तथ्य अबका दिनहरूमा प्रमाणित हुँदै जानेछ ।' त्यस्तै कांग्रेसले निर्वाचन आयोगले जारी गरेको आचारसहिंताप्रति उच्च सम्मानकासाथ पालना गर्ने प्रतिबद्धता समेत जनाएको छ । निर्वाचन आचारसंहिता कार्यान्वयनमा कतिपय दल र तिनका समर्थकहरूबाट भइरहेका खुला उल्लघंनका घटनालाई समेत हेरेर निर्वाचन आयोगलाई सप्रमाण ध्यानाकर्षण गराउने र पार्टीको आन्तरिक संयत्रमार्फत अध्ययन विश्लेषण गरिरहेको दाबी कांग्रेसको छ ।

निर्वाचन आचारसहिंतालाई निःशर्त र अविछिन्न रूपमा पालना गर्न कांग्रेसले अभिमुखीकरण समेत गरिसकेको छ । लोकतान्त्रिक आन्दोलनको प्रमुख धरोहर दाबी गर्दै आएको कांग्रेसले फागुन ६ गते मधेश प्रदेशको राजधानी जनकपुरबाट चुनावी आमसभाको सूरूवात गर्नेछ । यस बीचमा विभिन्न पेशाका अग्रणी व्यक्तिहरू, बुद्धिजीविहरूसँग संवाद र सहकार्यलाई समेत निरन्तरता दिँदै आएको छ । 'आमसञ्चार, विद्युतीय र डिजिटल सञ्चारका कुनै पनि प्लेटफर्ममा हाम्रो उपस्थिति तर्क, विवेक र सम्मानबाट निर्दिष्ट रहन्छ,' प्रवक्ता चालिसेले भने ।

## ब्यालेट...

महापतन भएको भन्दै अर्धभूमिगत भएर सशस्त्र गतिविधिमा अघि बढेका विप्लव अन्ततः शान्तिपूर्ण राजनीतिमै फर्किएका हुन् । २०७९ मा छिटफुट उम्मेदवार उठाएर नमिठो पराजय बेहोरे । यसपटक पनि उनले आफ्नो दललाई जनताको अदालतमा उभ्याउने हिम्मत गरेका छन् । तर विप्लव आफैं भने चुनावी मैदानमा उत्रिन सकेनन् । रोल्पाबाट उम्मेदवार बन्ने चर्चाबीच उनी पार्टीबाट निर्णय नै गराएर चुनाव नलड्नेमा पुगेका हुन् ।

कपिलवस्तुमा बसेको केन्द्रीय समितिको विशेष बैठकले निर्वाचनलाई 'उपयोग' गर्ने नीति पारित गर्दै महासचिव विप्लवलगायत शीर्ष नेताहरू चुनावी प्रतिस्पर्धामा नजाने निर्णय गरेको थियो । मतदातामाझ पार्टीको अवस्था खराब रहेको विश्लेषणकै कारण उनी उम्मेदवार बन्ने हिम्मत नगरेको पार्टीस्रोत बताउँछन् । यद्यपि उनले यो टिप्पणीलाई खण्डन गर्दै पार्टीको पूर्वघोषित नीति भएको दाबी गरेका छन् । यससँगै उनको प्रधानमन्त्री बनेर जनपक्षीय काम गर्ने सपना तुहिएको छ ।

तैपनि विप्लव नेतृत्वको पार्टीले १ सय ३० क्षेत्रमा उम्मेदवारी दिएको छ । उम्मेदवार नरहेका महासचिव विप्लव भने निर्वाचन निष्पक्ष हुनेमै विश्वस्त छैनन् । चुनावी अभियानका क्रममा उनले भनेका छन् 'हाम्रो एउटा अठोट छ, कमरेड प्रकाण्डको नेतृत्वमा हामीले १ सय ३० स्थानमा उम्मेदवारी दिएका छौं । जनताले बुझेछन् भने बहुमत ल्याउँला । यसपटक जित्न सकिएन भने एक माघले जाडो जाँदैन, १०/२० वर्ष पनि संघर्ष गर्नुपर्छ ।'

पञ्चायतको प्रतिबन्धित राजनीति र १० वर्षे माओवादी सशस्त्र विद्रोहका एक कमाडर विप्लवले गणतान्त्रिक प्रणालीमा पनि संसदीय निर्वाचनलाई अस्वीकार गर्दै आएका थिए । संसदीय प्रणालीले जनताको शासन स्थापित नहुने भन्दै आफ्नै नेताहरू र पार्टीबाट निरन्तर अलग हुने बाटो रोजिरहे । २०३९ मा अखिल छैटौंबाट राजनीति थालेका विप्लवले २०६४ देखि नै नेतृत्वप्रति चर्को असन्तुष्टि जनाउँदै आए ।

पहिलो संविधान सभाबाट संविधान निर्माण र २०६४ को शान्ति सम्झौतालाई निष्कर्षमा पुर्‍याउने निर्णयसहित माओवादी नेतृत्व अगाडि बढेको विषयमै उनको असन्तुष्टि थियो । २०६८ मा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले माओवादी लडाकु नेपाली सेनामा समायोजन गराए । यो निर्णयप्रति चर्को असन्तुष्टि जनाएका विप्लवले प्रचण्ड नेतृत्वको माओवादी छोडेर अलग भएका थिए । २०५२ मा सशस्त्र विद्रोह सुरु गर्दा अखिल क्रान्तिकारीको उपाध्यक्ष र ललितपुरको पार्टी सचिव रहेका विप्लवलाई प्रचण्डले तीन वर्षभित्रै केन्द्रीय सदस्यमा बढुवा गरे । केन्द्रीय सदस्य हुनुअगाडि २०५४ मा कर्णाली उपक्षेत्रीय ब्युरो इन्चार्जको जिम्मेवारी पाएका थिए । प्रचण्डको बढुवा गरेको गुन बिर्सिएर पार्टी छाडेर हिँडेको उनीमाथि आरोप छ ।

उनले कर्णाली क्षेत्रको जिम्मेवारीमा रहँदा व्यक्तिगत कौशलकै कारण ठुलो संख्यामा सरकारको हतियार खोस्न सफल भएका थिए । त्यसबेला कालिकोटको पदमघाट प्रहरीचौकी आक्रमण गरी आधुनिक हतियार कब्जामा लिए । २०६१ तिर पुग्दा माओवादीको बलियो प्रभाव क्षेत्र रुकुम, रोल्पालगायतलाई आधार मानेर बनाइएको इलाकाकै इन्चार्ज बने । जहाँ, प्रचण्ड लक्षित सत्ताको आक्रमणदेखि अरू संसदीय दलहरूसँग वार्ताजस्ता महत्वपूर्ण राजनीतिक घटनाक्रम भए । तत्कालीन सत्तासँग युद्धविराम र युद्धविराम भंग हुनेजस्ता निर्णयहरू चलिरहँदा पनि विप्लवले महत्वपूर्ण भूमिकामै थिए । तर संसदीय प्रणालीप्रति चरम विमति राख्ने उनले दीर्घकालीन विद्रोहको बाटोबाट पार्टी पछाडि हटेको भन्दै २०६९ पुग्दा प्रचण्ड र माओवादी नै छोडे । २०६९ जेठ ६ मा मोहन वैद्यको नेतृत्वमा पार्टी विभाजन हुँदा विप्लवले रामबहादुर थापा, सिपी गजुरेल, पम्फा भुसाल, देव गुरुङ, खड्गबहादुर विश्वकर्मालगायत नेताहरूले साथ दिएका थिए ।

त्यसबेला ३० प्रतिशत केन्द्रीय सदस्य र ९० जना सभासदले विद्रोह गरेका थिए । विद्रोहपछि बनेको पार्टीमा विप्लव केन्द्रीय सचिव रहे । उक्त पार्टीले २०७० सालको दोस्रो संविधान सभा चुनाव बहिष्कार गर्‍यो । २०६९ मै प्रचण्ड-बाबुरामले जनमुक्ति सेनालाई समाप्त गरेको निष्कर्षसहित 'महापतन' पुस्तक लेखेका विप्लव वैद्य नेतृत्वको पार्टीबाट समेत अलग भए । उनले २०७१ मंसिर ८ मा आफ्नै नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी घोषणा गरे । त्यसबेला विप्लबलाई खड्गबहादुर विश्वकर्मा, धर्मेन्द्र बास्तोला, हेमन्तप्रकाश वली, सन्तोष बुढामगर, उमा भुजेल, माइला लामा, पदम राईलगायतले साथ दिएका थिए ।

## प्रकाण्डलाई ...

'मेरो जित पक्का छ । कालिकोटे जनताले मलाई २०६४ सालमै जिताएर पठाएका हुन् । यसपटक पनि सबैको चाहनाअनुसार नै उम्मेदवार बनेको हुँ । यहाँका जनता परिवर्तनको पक्षमा उभिएर मलाई निर्वाचित गराउनेमा विश्वस्त छु', उनले भने । उनी पहिलो संविधानसभामा कालिकोटबाट निर्वाचित भएका थिए । तर उनले पार्टी छाडेपछि यो क्षेत्रमा माओवादी केन्द्रले आफ्नो पकड जमाउँदै आएको छ । यो क्षेत्रबाट २०७९ को निर्वाचनमा माओवादी केन्द्रका उम्मेदवार महेन्द्रबहादुर शाही २३ हजार ७ सय २३ मत ल्याएर विजयी भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी एमालेका नगेन्द्र शाहीले १६ हजार ७ सय १८ मत प्राप्त गरेका थिए । सोही चुनावमा समानुपातिकतर्फ माओवादी केन्द्रले १४ हजार २ सय २९, एमाले १२ हजार ५ सय ६४ र कांग्रेसले १० हजार ५ सय ८५ मत ल्याएका थिए । अघिल्लो निर्वाचनमा कांग्रेस-माओवादी चुनावी तालमेल थियो भने यसपालि प्रमुख दल एक्लाएक्लै प्रतिस्पर्धामा छन् । प्रचण्डसँग नेतृत्वको नेकपाबाट चोइटिएको 'प्रगतिशील लोकतान्त्रिक पार्टी' (प्रलोपा)ले एमाले उम्मेदवारलाई नै समर्थन गर्ने निर्णय गरेको छ । प्रलोपाले सहयोग गर्ने आशामा रहेका विश्वकर्मालाई यसले पनि घाटा हुने देखिन्छ ।

## युएईमा...

समस्यालाई न्यूनीकरण गर्न विभिन्न उपाय अपनाउन सुझाव राखेका थिए ।

चिकित्सकहरूले स्वास्थ्यसम्बन्धी चेतनाको कमी, स्वास्थ्यलाई लापरबाहीपूर्ण ढंगले लिने, रोग लुकाउने प्रवृत्ति, खाडी राष्ट्रमा कार्यरत वातावरणीय असरबारे पर्याप्त जानकारी नहुने, आफ्नो स्वास्थ्य बिमाको बारेमा अनभिज्ञता र भाषाको समस्याका कारण पनि धेरैजसो नेपाली श्रमिक स्वास्थ्य जाँच गराउन समयमै अस्पताल नजाने गरेको चिकित्सकहरूले बताए ।

कम्तीमा पनि ६ महिनामा एक पटक स्वास्थ्य जाँच गराउन, पर्याप्त मात्रामा शुद्ध पानी पिउन, अत्यधिक मदिरा सेवन नगर्न वा नियन्त्रण गर्न, आफ्नो स्वास्थ्य बिमाका बारेमा जानकारी लिई जाँच गराउन पनि चिकित्सकहरूले सुझाव दिएका छन् ।

नेपाली डाक्टरहरूले युएईमा रहेका नेपालीहरूको स्वास्थ्य समस्या बढी रहेकाले उनीहरूको उपचारमा हरसम्भव सहयोग गरिरहेको र आगामी दिनमा पनि सम्भव भएका सबै सहयोग गर्न सधैं तत्पर रहेको प्रतिबद्धता व्यक्त गर्दै स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरूलाई तीव्रता दिन अति आवश्यक भएको सुझाव दिएका छन् ।

मानसिक रोगबाट पीडितको उपचारका लागि नेपाल सरकारसँग समन्वय गरी नेपालबाट सकेसम्म छिटो टेलिमेडिसिन सेवा प्रदान गर्न र युएई जाने श्रमिकहरूलाई नेपालमा नै स्तरीय अस्पतालमा गुणस्तरीय स्वास्थ्य जाँचको व्यवस्था गरी पूर्वप्रस्थान तालिममा स्वास्थ्य, बिमा र युएईको हावापानी, सडक सुरक्षा तथा दुर्घटनासम्बन्धी विस्तृत चेतनामूलक प्रशिक्षण दिनुपर्ने पनि नेपाली चिकित्सकहरूले दिएको नेपाली दूतावासले बताएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले चिकित्सकहरूबाट प्राप्त अमूल्य सुझावहरूलाई कार्यान्वयन गर्न दूतावास तत्पर रहेको र आगामी दिनमा दूतावाससँगको समन्वयमा विभिन्न स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू गर्ने बताए ।

उनले युएईमा रहेका नेपाली चिकित्सकहरूले आफ्नो क्षेत्रबाट चिकित्सा तथा युएईमा कार्यरत नेपालीसमुदायलाई पुर्‍याएको योगदानको प्रशंशा गर्दै इमिरेट्सहरूमा रहेका नेपाली चिकित्सकहरूको सक्रिय सहयोग र हातेमालोका लागि समेत अनुरोध गरे । युएईमा करिब ४ लाख ५० हजार नेपालीहरू कार्यरत रहेका छन् ।

## युएईमा...

रिपोर्ट गर्न आग्रह गरेको छ । घरेलु कामदारहरूलाई काममा लगाउन गलत जानकारी वा नक्कली कागजातहरू प्रदान गर्नेलाई २० हजार देखि १ लाख दिराम जरिवाना र ६ महिनासम्मको जेल सजाय तथा इजाजतपत्र नभएका कामदारहरूलाई काममा राख्ने, कर्मचारी भर्ना गर्ने, तर जागिर नदिने वा अन्य उद्देश्यका लागि घरेलु कामदार अनुमतिपत्र प्रयोग गर्ने व्यक्तिहरूलाई न्यूनतम ५० हजारदेखि २ लाख दिराम जरिवाना गर्ने व्यवस्था छ ।

## बंगलादेशमा...

पार्टीको नेतृत्वमा आएका हुन् र चुनाव पनि पहिलो पटक नै लडेका हुन् । उनैलाई नयाँ प्रधानमन्त्री बनाउने भनेर बिएनपी चुनावमा गएको थियो । जनताले दुईतिहाइ बढी सिटमा यही दलका उम्मेदवारलाई जिताइदिए ।

पार्टी अध्यक्ष रहेकी तारिक रहमानकी आमा खालिदा जियाको डेढ महिनाअघि निधन भएको थियो । तारिक रहमानका बुबा जियाउर रहमान हुन् । जियाउर रहमान बंगलादेशको स्वतन्त्रता संग्रामका प्रमुख नेता हुन् । जियाउर रहमानको निधनपछि पत्नी खालिदा जियाले पार्टीको नेतृत्व सम्हालेकी थिइन् ।

खालिदा बंगलादेशको पहिलो महिला प्रधानमन्त्री हुन् । खालिदाको पनि निधन भएपछि रहमान पार्टी नेतृत्वमा आएका हुन् ।

तर बिएनपी झन्डै २० वर्षसम्म सरकारमा थिए । यसपटकको निर्वाचनसँगै यो पार्टी सत्तामा पुग्ने निश्चित भएको हो ।

चुनावको समयमा तारिक रहमानले लोकतन्त्रलाई पुनर्स्थापना, भ्रष्टाचारविरुद्ध कदम चाल्ने वाचा गरेका थिए । अर्थतन्त्रको सुधार, राष्ट्रिय एकता कायम गर्नेलगायतका प्रतिबद्धता जनाएका थिए ।

नेपालमा पनि बंगलादेशमा जस्तै गत भदौ २३ र २४ गते जेनजी पुस्ताको आन्दोलन भएको थियो । आन्दोलनका क्रममा तत्कालीन सरकार ढल्यो र प्रतिनिधिसभा विघटन भयो । आगामी २१ फागुनमा निर्वाचन हुँदैछ । कतिपयले बंगलादेशको निर्वाचनलाई देखाएर नेपालको निर्वाचनको सन्दर्भमा समेत व्याख्या गरिरहेका छन् ।

# ६६ जिल्लाका १४२ निर्वाचन क्षेत्रका एक करोड ८२ लाख ३० हजार मतपत्र छपाइ

**काठमाडौं/मस–** यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६६ जिल्लाका १४२ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ ।

शनिबारसम्म एक करोड ८२ लाख ३० हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिए ।

शुक्रबारसम्म ६३ जिल्लाको मतपत्र छपाइ सकिएको थियो । शनिबार थप तीन जिल्लाको मतपत्र छपाइ सकिएको आयोगले जनाएको छ । अब ११ जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको छ । काठमाडौं उपत्यका वरपरका जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको जनाइएको छ । अब दुई दिनमा मतपत्र छपाइ सकिने अनुमान गरिएको जनाइएको छ ।

छापिएका जति जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको छ । हालसम्म १६ हजार ४ सय ९४ बाकस मतपत्र प्याकिङ भइसकेको छ । हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २ सय नमुना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीका लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ । प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो ।

कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाइयो मतपत्र छपाइ भएको मतपत्र शनिबारदेखि आयोगले कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाउन सुरु गरेको छ । आयोगले आज कर्णाली प्रदेशका सल्यान, रुकुम पश्चिम, डोल्पा, मुगु, हुम्ला, कालीकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेत १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा मतपत्रको ढुवानी गरिएको सहायक प्रवक्ता न्यौपानेले बताए ।

# राजनीतिक क्षेत्रको लोडसेडिङ अन्त्य गर्छौं : घिसिङ

**काठमाडौं/मस–** उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले देशबाट लोडसेडिङ आफूले हटाएको भन्दै राजनीतिक क्षेत्रको लोडसेडिङ हटाउन आफू आएको बताएका छन् ।



काठमाडौंमा आयोजित पार्टीको भेलालाई सम्बोधन गर्दै उनले आगामी सरकारबाट देशलाई आर्थिक समृद्धिको बाटोमा लैजाने लक्ष्यका साथ आफू अघि बढेको बताए । प्रधानमन्त्री र जेनजी प्रतिनिधिको आग्रहलाई स्वीकारेर सरकारमा गएको उनले बताए । आफ्नो इच्छाले सुशीला कार्की नेतृत्वको सरकारमा नगएको बताएका छन् । 'संकटको बेलामा जिम्मेवारी लिएर मैले तीन महिनामा डेलिभरी दिए, चुनावको वातावरण बनाएर बाहिर आएका छौं । मैले चुनाव गर्न बनेको सरकार आउँदिन पनि भनेको थिएँ,' उनले भने, 'तर प्रधानमन्त्रीले चुनावको बेलामा जानुस् भन्नुभएको थियो । अहिले धेरैले भगौडा मन्त्री भनेर लेख्छन्, छोटो समयमा देशलाई डेलिभरी दिएर सरकारबाट बाहिर आएको हुँ ।'

# खोटाङ हलेसी सेवा समाजको वनभोज

**काठमाडौं/मस–** खोटाङ हलेसी सेवा समाज काठमाडौंको आयोजना तथा खोटाङ कलाकार समाज काठमाडौंको सहकार्यमा दक्षिणकालीमा बृहत् वनभोज कार्यक्रम सम्पन्न भएको छ । शनिबार आयोजित कार्यक्रममा खोटाङ हलेसी सेवा समाजमा आबद्ध ३ सय ५० भन्दा बढी खोटाङेहरूको उपस्थिति रहेको थियो ।



कार्यक्रममा खोटाङ कलाकार समाज काठमाडौंमा संलग्न चर्चित कलाकारहरूले लोकसंगीत र सांस्कृतिक कार्यक्रमसहित सहभागीहरुको मनोरञ्जनात्मक सांस्कृतिक प्रस्तुति राखेका थिए ।

संस्थाका महासचिव सुरेन्द्र कटुवालले यसपटकको वनभोज कार्यक्रम खोटाङे दाजुभाइ तथा दिदीबहिनीहरूको आपसी एकता, सद्भाव अभिवृद्धिका लागि रहेको बताए । कार्यक्रममा खोटाङ कलाकार समाज काठमाडौंसँग सम्बद्ध चर्चित कलाकारहरूले लोकसंगीत तथा सांस्कृतिक प्रस्तुतिमार्फत सहभागीहरूलाई मनोरञ्जन प्रदान गरेका थिए ।

सोही अवसरमा दि भ्वाइस अफ नेपाल सिजन-७ को टप-४ मा पर्न सफल खोटाङ दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-८ बुवासुङका सागर संसार राईलाई हार्दिक बधाई तथा सफल सांगीतिक यात्राको शुभकामना व्यक्त गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि समाजसेवी टंकबहादुर श्रेष्ठ, कर्णेल सुवास केसी, प्रहरी उपरीक्षक मिलन केसी, प्रहरी उपरीक्षक कविन्द्र राई, समाजसेवी बम बानियाँ, संविधानसभा सदस्य हिरा गुरुङ, समाजसेवी हेमराज कार्की, समाजसेवी महेश जोशी तथा नेपाल सरकारका उपसचिव देवराज कटुवाललगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

साथै 'सागर संसार राई जिताऊ' अभियानलाई सफल बनाउन कार्यक्रममा सहभागीहरूबाट ९० हजार रुपैयाँ आर्थिक सहयोग संकलन गरिएको पनि महासचिव कटुवालले जानकारी दिए । अध्यक्ष थापा तथा पूर्वअध्यक्ष र सल्लाहकार संयोजक कटुवालले सम्पूर्ण सहभागी, सहयोगी तथा कलाकारहरूलाई धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै एकता र सहकार्य कायम राख्न आग्रह गरेका थिए ।

संस्थाका पूर्वअध्यक्ष तथा सल्लाहकार संयोजक कर्णराज कटुवालले प्रारम्भिक चरणदेखि नै संस्थालाई सुदृढ आधार प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

२०६७ साल फागुन ११ गते काठमाडौंको काँडाघारीमा केन्द्रीय कार्यालय रहने गरी स्थापना भएको सामाजिक संस्था हो । २ सय ६७ घरधुरी खोटाङे सदस्य आबद्ध रहेको संस्थाका संस्थापक अध्यक्षहरूमा गोविन्द भट्टराई, कर्णराज कटुवाल, गणेश बस्नेतले नेतृत्व गर्दै हाल इन्दा थापाले सक्रियता र समन्वयकारी नेतृत्व गरी संस्थालाई प्रभावकारी रूपमा अघि बढाइरहेकी छन् ।

समाजले सांस्कृतिक कार्यक्रमसँगै स्वास्थ्य शिविर, रक्तदान कार्यक्रम र खोटाङबाट उपचारका लागि काठमाडौं आउने आर्थिक समस्यामा रहेका बिरामीलाई सहयोग गरिरहेको पूर्वअध्यक्ष कटुवालले बताए ।

त्यसैगरी खोटाङे एकता अभिवृद्धिका लागि खोटाङमा जन्मिएका पाइलट, चिकित्सक तथा विभिन्न क्षेत्रमा सफल व्यक्तित्व जेष्ठ नागरिक सम्मान कार्यक्रम पनि गरिरहेको छ । पूर्वअध्यक्ष तथा सल्लाहकार संयोजक कटुवालका अनुसार वर्तमान अध्यक्ष थापाको नेतृत्वमा समाजसेवी गतिविधिहरू अझ व्यवस्थित र प्रभावकारी बनाइएको छ ।

## होडानको वनभोज सम्पन्न

**काठमाडौं/मस–** स्वास्थ्य संस्था सञ्चालक संघ (होडान)ले पनि शनिबार राजधानीको चोभारमा वनभोज कार्यक्रम सम्पन्न गरेको छ । वनभोज कार्यक्रममा संघको नवनिर्वाचित कार्यसमितिको शपथ गराउनुका साथै पद हस्तान्तरण गरिएको छ ।



संघको केही दिनअघि सम्पन्न साधारणसभा तथा प्रथम अधिवेशनले मदनकुमार पुर्वेको अध्यक्षतामा नयाँ कार्यसमितिको चयन गरेको थियो । संघको उपाध्यक्षमा रामहरि थापा, महासचिवमम रघुनाथ पनेरू र कोषाध्यक्षमा पूजा चौधरी निर्वाचित भएका छन् । कार्यसमितिको सदस्यमा खिमराज अधिकारी, अञ्जली रोक्का, लक्ष्मी नारायण उपाध्याय र राजेन्द्र चौधरी निर्वाचित भएको संघले जनाएको छ । सल्लाहकार तथा निर्वाचन समिति संयोजक शमशेर नेपालीले कार्यसमिति अध्यक्ष, पदाधिकारी तथा सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ गराएका थिए ।

# निर्वाचनलाई प्रभावित पार्ने सामग्री प्रसारण नगर्न काउन्सिलको आग्रह

**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै सञ्चार माध्यम, पत्रकार र सामाजिक सञ्जाल प्रयोगकर्तालाई पत्रकार आचारसंहिता तथा निर्वाचन आचारसंहिता पूर्ण रूपमा पालना गर्न अपिल गरेको छ।

काउन्सिलले एक विज्ञप्ति जारी गर्दै निर्वाचनको मिति नजिकिँदै जाँदा केही मिडिया तथा सामाजिक सञ्जालमार्फत राजनीतिक दल र उम्मेदवारका पक्ष वा विपक्षमा एकपक्षीय सामग्री सम्प्रेषण, आधारहीन तथा अप्रमाणित आरोप-प्रत्यारोप, व्यक्तिगत लाञ्छना, दुष्प्रचार, मानहानी तथा चरित्रहत्या हुने सामग्री प्रकाशन तथा प्रसारण भइरहेकोप्रति ध्यानाकर्षण भएको जनाएको छ।




विज्ञप्तिमा केही पत्रकारले आफ्ना सामाजिक सञ्जालमार्फत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निर्वाचनमा सहभागी दल तथा उम्मेदवारका विषयमा मनोगत विश्लेषण, प्रचारप्रसार तथा नकारात्मक टिप्पणी गर्ने कार्य गरेको उल्लेख छ। त्यस्तै, मिडियाको झल्को दिने गरी सञ्चालित सामाजिक सञ्जाल पेजहरूबाट गालीगलौज, पक्षपोषणयुक्त सामग्री तथा मतदाताको गोपनीयता भंग हुने किसिमका 'कसलाई भोट दिनुहुन्छ ?' जस्ता प्रश्न सोधेर मतदातालाई प्रभावित पार्ने गतिविधि भइरहेको काउन्सिलले जनाएको छ।

प्रेस काउन्सिल नेपालले निर्वाचनलाई प्रभावित पार्ने गरी गलत, दुष्प्रचारयुक्त र तथ्य परीक्षणबिना सामग्री सम्प्रेषण नगर्न तथा द्वेषपूर्ण अभिव्यक्तिलाई स्थान नदिन आग्रह गरेको छ। साथै, कसैको पक्ष वा विपक्ष हुने गरी राजनीतिक दल वा उम्मेदवारको मानहानी र चरित्रहत्या हुने सामग्री प्रकाशन/प्रसारण नगर्न सञ्चार माध्यम र पत्रकारलाई सचेत गराएको छ। काउन्सिलले सबै सञ्चार माध्यम, पत्रकार, सञ्चारकर्मी तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिता पूर्ण रूपमा पालना गर्न अनुरोध गरेको छ।

## महाशिवरात्रि मनाइँदै

# पशुपतिसहित देशभरका शिव मन्दिरमा भक्तजनको भिड

**काठमाडौं/मस–** महाशिवरात्रि पर्व आज देशभरका शिवालयमा विधिपूर्वक पूजा, आराधना एवं दर्शन गरी मनाइँदै छ। प्रत्येक वर्ष फागुन कृष्ण चतुर्दशी मध्यरातमा परेका दिन मनाइने महाशिवरात्रि पर्व आराध्यदेव भगवान् शिवको पूजा-आराधना गरी आज देशभर मनाउन लागिएको हो।

वैदिक सनातन हिन्दु धर्मावलम्बीहरु आज बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गर्दछन्।

शिवजी उत्पत्ति भएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा शिव पुराण लगायतका ग्रन्थमा उल्लेखित छ।

फागुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ।

आजको दिन भगवान् महादेवलाई जाडो हुने जनविश्वासले प्रत्येक घर, चोक र मठ-मन्दिरमा दाउरा मागेर धुनी जगाई भजनकीर्तनका साथ सोही आगोमा प्रसाद बनाई ग्रहण गरिन्छ।

यसैबीच महाशिवरात्रि पर्वका अवसरमा पशुपति क्षेत्रमा साधुसन्त एवं टाढाबाट आउने भक्तजनको भीड लागेको छ। देश, विदेशबाट आएका साधुसन्त एवं भक्तजनका कारण पशुपति क्षेत्रमा मेला लागेको छ।



**गरगहना लगाएर मन्दिर नजान प्रहरीको अनुरोध**

काठमाडौं प्रहरीले महाशिवरात्रि पर्वका अवसरमा पशुपतिनाथको दर्शनार्थ सहभागी हुने भक्तजन तथा सामानको सुरक्षाका लागि १३ बुँदे अनुरोध जारी गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले गरगहना लगाएर नआउनेसहित विभिन्न १३ बुँदे अनुरोध जारी गरिएको जानकारी दिए। उनका अनुसार चोरी तथा लुटपाटका घटना हुनसक्ने भएकाले बहुमूल्य गरगहना नलगाउन, महत्त्वपूर्ण र महँगो सरसामान लिएर नआउन अनुरोध गरिएको हो। मन्दिरमा झोला नल्याउन, पशुपति क्षेत्रको मापदण्ड बमोजिम प्लास्टिकका झोला, कप, प्लेटलगायत सामग्रीको प्रयोग निषेध गरिएकाले निषेधित सामानको प्रयोग नगर्न, दूध, गंगाजललगायत सामाग्रीका लागि फुट्ने काँच (सिसा)का भाँडा प्रयोग नगर्न पनि अनुरोध गरिएको प्रहरी उपरीक्षक भट्टराईले बताए।

प्रहरीले भक्तजनको सुविधाका लागि तोकिएको कक्षमा जुत्ताचप्पल (दर्शन मार्ग अनुसार छुट्टाछुट्टै स्थानमा जुत्ताचप्पल कक्षको व्यवस्था) राखेर मात्र मन्दिर प्रवेश गर्न, पशुपतिनाथको दर्शन गरिसकेपछि छिटोभन्दा छिटो मन्दिर परिसर बाहिर निस्किनु भई घुइँचो हुन नदिनका लागि आवश्यक सहयोग र समन्वय गर्न पनि अनुरोध गरेको छ।

त्यस्तै पशुपतिनाथ मन्दिर प्राङ्गणमा सबै प्रकारका मोबाइल फोन, क्यामरालगायत सामग्रीको प्रयोग निषेध गरिएको तथा छालाका सामान, जुत्ताचप्पल, ज्याकेट, कम्मर पेटी लगाएर मन्दिरमा प्रवेश निषेध भएकाले त्यस्ता सामान तोकिएको सुरक्षित स्थानमा राखेर मात्र दर्शन गर्न पनि भनिएको छ।

प्रहरीले पाकेटमारादेखि सावधान रहन र आफ्नो सामानको सुरक्षा आफैं गर्न, कुनै पनि तीर्थयात्री अस्वस्थ भएमा स्वास्थ्य शिविरमा सम्पर्क राख्न, कुनै सामान वा व्यक्ति हराएमा वा कुनै समस्या आइपरेमा तुरुन्त प्रहरी शिविर वा खोजखबर कक्षमा सम्पर्क राख्न पनि अनुरोध गरेको छ।

मन्दिर र मेला क्षेत्रलाई स्वच्छ र सफा राख्न जथाभावी फोहोर नगर्न, निर्दिष्ट स्थानमा रहेका शौचालयको प्रयोग गर्न, शारीरिक रूपमा अशक्त, जेष्ठ नागरिकलाई सहज दर्शनका लागि सहयोग गर्न, मन्दिर दर्शनका लागि कुनै प्रकारको विशेष टिकट वा पासको व्यवस्था नगरिएकाले पङ्क्तिबद्ध भएर दर्शन गर्न तथा पङ्क्तिबाट दर्शन गर्दासमेत अरूको अधिकारको हनन हुने व्यवहार नगर्न अनुरोध गरिएको प्रहरी उपरीक्षक भट्टराईले जानकारी दिए।

# मतदाताका प्राथमिकतामा सडक निर्माण र वन्यजन्तु नियन्त्रण

**बागलुङ/मस–** सालझण्डी-ढोरपाटन सडक स्तरोन्नति नभएको लामो समय भयो। स्तरोन्नति नहुँदा यहाँका स्थानीयले लामो समयदेखि सास्ती बेहोर्दै आएका छन्।

यसका लागि यहाँका स्थानीयको अर्को समस्या हो, वन्यजन्तु। बँदेल र बाँदरलगायतका वन्यजन्तुका कारण स्थानीय हैरान छन्। जंगलबाट आएर बालीनाली नष्ट गरिदिने भएकाले उनीहरु यो समस्या चाँडो समाधान होस् भन्ने चाहेका छन्। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मत माग्दै घरदैलो पुग्दै गरेका उम्मेदवारसँग बागलुङ-२ का मतदाताले यिनै समस्या सुनाउने गरेका छन्।

ढोरपाटन नगरपालिका-९ का थुमकला विकले बुर्तिबाङ बजारदेखि ढोरपाटन उपत्यका जोड्ने सडक एक दशक अगाडि निर्माण भए पनि अहिलेसम्म स्तरोन्नति नहुँदा समस्या भोग्नु परेको बताए। उनले भने, 'गाउँमा सडक बनेपछि सुविधा होला भन्ने सोचेका थियौं। तर सुविधाभन्दा बढी सास्ती भएको छ। चुनाव आउँदा यो सडक हामी बनाउँछौं भोट दिनुभन्दा आउँछन्। भोट दिएर जितेपछि कोही पनि गाउँ फर्किएर आउँदैनन्। यो सडकले



हामीलाई कति दुःख दिएको छ। यसको समाधान गर्न सक्ने नेतालाई यसपालीको चुनावमा भोट दिन्छौं।'

स्थानीय तुलबहादुर घर्ती मगरले घरै नजिकको जङ्गलबाट दैनिक बाँदर, चितुवा र बँदेल आएर बालीनालीको क्षति गरि दिने र मान्छेलाई आक्रमण गर्ने गरेको गुनासो गरे। वन्यजन्तुबाट समस्यामा पर्दै आएका स्थानीयको समस्या बुझ्ने उम्मेदवारलाई गाउँका स्थानीयले एकै ठाउँमा भोट दिने सल्लाह गरेको सुनाए।

'बिहान बेलुका बाँदर, बँदले ढपाउँदैमा दिन जान्छ। बारीमा लगाएको तरकारी, बालीनाली केही बाँकी राख्दैन। आइमाइ केटाकेटी एक्लै वरपर गर्न पनि गाह्रो हुन्छ', उनले भने- 'चुनावका बेला हामीलाई भोट दिनु समस्या समाधान गर्छौं भन्ने धेरै नेता आए। तर चुनाव जितेर कहाँ गए गए ?'

निसीखोला गाउँपालिका-५ कुँडेका गङ्गाबहादुर विकले सडक व्यवस्थित नहुँदा यात्रा र सामान ढुवानी गर्न निकै कठिन हुने बताए। अप्ठ्यारो र साँघुरो सडकका कारण बजारबाट दैनिक उपभोग्य सामान ढुवानी गर्दा महङ्गो भाडा तिर्न बाध्य भएको उनको भनाइ छ। यसपाली बुर्तिबाङ-ढोरपाटन र ढोरपाटन-निसेलढोर सडक स्तरोन्नतिका लागि पहल गर्ने उम्मेदवारलाई भोट दिने उनले सुनाए।

# गौरमा आन्तरिक राजस्व कार्यालय स्थापना गर्ने सहमति, आन्दोलन फिर्ता

**मध्यान्ह संवाददता**
रौतहट, २ फागुन

रौतहटको सदरमुकाम गौरमा करदाता सेवा कार्यालयको सेवा सुधार र आन्तरिक राजस्व कार्यालय स्थापनाको मागलाई लिएर जारी आन्दोलन सहमतिमा टुंगिएको छ। शनिबार सरोकारवाला निकाय, राजनीतिक दल र रौतहट उद्योग वाणिज्य संघबीच भएको पाँच बुँदे निर्णयपछि विगत केही समयदेखि ठप्प रहेका आन्दोलनका सबै कार्यक्रम औपचारिक रूपमा फिर्ता लिइएको छ।

बैठकले गौरमा हाल सञ्चालन भइरहेको करदाता सेवा कार्यालयबाट सेवाको प्रभावकारिता बढाउन कर अधिकृतको तत्काल व्यवस्था गर्ने निर्णय गरेको छ। ती अधिकृतलाई सेवा प्रवाह र कर्मचारीको क्षमता विकासको जिम्मेवारी दिइनेछ। आगामी निर्वाचनको वातावरणलाई मध्यनजर गर्दै करदाताका फाइल अभिलेख तथा अन्य भौतिक सामग्रीहरू सोही कार्यालयमा सुरक्षित राख्ने र निर्वाचनपश्चात पूर्ण क्षमतामा आन्तरिक राजस्व कार्यालय सञ्चालन गर्ने सहमति भएको छ।



लामो समयदेखि गौरबासीले उठाउँदै आएको आन्तरिक राजस्व कार्यालय स्थापनाको मागलाई सम्बोधन गर्दै बैठकले निर्वाचनपछि अर्थ मन्त्रालयमा सिफारिस पठाउने निर्णय गरेको छ। सरकारी ध्यानाकर्षण गराउँदै करदाताको आवाजप्रति गम्भीर हुन आग्रह गरिएको छ भने कार्यालयमा रहेका सम्पूर्ण फाइल र जिन्सी सामान सुरक्षित राख्ने जिम्मेवारी सरोकारवालाले लिएका छन्।

उद्योग वाणिज्य संघ र आबद्ध संस्थाहरूले बन्द, धर्ना लगायतका सबै कार्यक्रम फिर्ता लिएका छन्। संघका प्रतिनिधिहरूले यस निर्णयलाई गौरबासीको जीतको रूपमा लिएका छन्। स्थानीय व्यवसायीहरूले भने, 'हामी सेवाको विकेन्द्रीकरण र आफ्नै जिल्लामा सहज कर प्रशासन चाहन्थ्यौं। सरकारले निर्वाचनपछि कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएपछि आन्दोलन फिर्ता लिएका हौं।'

यस निर्णयसँगै रौतहटमा बिग्रिएको व्यावसायिक वातावरण पुनः सामान्य हुने र आसन्न निर्वाचनका लागि शान्तिपूर्ण वातावरण तयार हुने अपेक्षा गरिएको छ।

# साउदीको जेद्दामा घुम्ती शिविर

**अन्जान गुभाजु/मध्यान्ह**
जेद्दा, २ फागुन

नेपाली महावाणिज्यदूतावास, जेद्दाले गैरआवासीय नेपाली संघ (एनआरएनए) क्षेत्रीय समन्वय समिति, जेद्दासँगको सहकार्यमा जेद्दाको अल खुम्राह क्षेत्रमा एकदिने घुम्ती शिविर आयोजना गरेको छ।

उक्त शिविरमा साउदी अरबको अबीर ग्रुप अस्पताल समूहको सहयोगमा खटिएको मेडिकल टोलीले नेपाली श्रमिकहरूलाई स्वास्थ्य सेवा प्रदान गरेको थियो। शिविरबाट करिब १ सय जना नेपाली श्रमिकहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

शिविरमा आँखाको जाँच तथा परीक्षण, रक्तचाप र सुगर परीक्षण, विभिन्न रोगसम्बन्धी परामर्श सेवा उपलब्ध गराइएको थियो। त्यसैगरी, राहदानीसम्बन्धी सेवा तथा भिसाका लागि आवश्यक प्रक्रियामा सहजीकरण गरिएको थियो। श्रमिकहरूलाई साउदी श्रम कानुन, श्रमिक अधिकार तथा वित्तीय साक्षरतासम्बन्धी जानकारीसमेत प्रदान गरिएको महावाणिज्यदूतावासले जनाएको छ।

नियमित रूपमा सञ्चालन हुँदै आएका यस्ता घुम्ती शिविर हरूबाट महावाणिज्यदूतावासमा प्रत्यक्ष रूपमा सेवा लिन असमर्थ



नेपाली श्रमिकहरू लाभान्वित हुँदै आएका छन्। शिविरकै क्रममा नेपाली श्रमिकहरूसँग श्रम तथा कन्सुलरसम्बन्धी विविध विषयमा अन्तक्रिया कार्यक्रमसमेत आयोजना गरिएको थियो।

कार्यक्रममा महावाणिज्यदूत पारस पन्डित सहित महावाणिज्यदूतावासका अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो। महावाणिज्यदूतावासले आगामी दिनमा पनि श्रमिकमैत्री सेवा र सचेतनामूलक कार्यक्रमहरू निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ।

# 'विपद्मा एपिएफ अस्पतालको भूमिका सराहनीय'

**काठमाडौं/मस–** नेपाल एपिएफ अस्पतालले विपद्का समयमा महत्त्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा गरिएको छ।

नेपाल एपीएफ अस्पतालको २४औं वार्षिकोत्सवका अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले प्राकृतिक विपद्, आपत्कालीन अवस्था, भूकम्प, कोभिड महामारी जस्ता चुनौतीको सामना गर्दै अस्पतालले जनस्वास्थ्यलाई सर्वोपरि ठानी कार्य गर्दै आइरहेको बताए।

अस्पताल उपचार सेवामा मात्र सीमित नभई इमर्जेन्सी, प्याथोलोजी, रेडियोलोजी, डाइलेसिस सेवा, प्रसूति सेवालगायत आधुनिक सेवामा स्थापित हुँदै आएको भन्दै उनले सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाउनुपर्नेमा जोड दिए।

त्यसअवसरमा महानिरीक्षक अर्यालले अस्पतालमा कार्यरत रही वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी तथा अस्पताललाई सहयोग पुऱ्याउने विभिन्न



सङ्घसंस्थाका प्रतिनिधिलाई कदरपत्र, पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए।

स्वास्थ्य सेवा केवल पेसा नभई मानवताको सेवा, करुणाको अभ्यास र राष्ट्रप्रतिको गहिरो प्रतिबद्धता भएको भन्दै महानिरीक्षक अर्यालले व्यक्तिगत लाभ, पदोन्नति र करियर केन्द्रित सोचभन्दा माथि उठेर राष्ट्र, संगठन र जनताको सर्वोच्च हितलाई पहिलो प्राथमिकतामा राखी काम गर्न निर्देशनसमेत दिए।

सोही अवसरमा अस्पतालमा 'मडुलर अप्रेसन थिएटर'को उद्घाटन गरिएको छ। कार्यक्रममा अस्पतालका प्रमुख, प्राविधिक सशस्त्र प्रहरी नायब महानिरीक्षक डा.रुपक महर्जनलगायतले धन्यवाद ज्ञापन गरेका थिए।

# जसपा र लोसपाका केन्द्रीय नेताहरू कांग्रेसमा प्रवेश

**सर्लाही/मस–** सर्लाहीमा जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का केन्द्रीय तहका नेताहरू नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। जसपा नेपालका वरिष्ठ उपाध्यक्ष केदार नन्दन चौधरी तथा लोसपाका महासचिव मनिष मिश्रसहित केदारसिंह ठटौलालगायत विभिन्न तहका नेता तथा कार्यकर्ताहरू कांग्रेसमा समाहित भएका हुन्।

उनीहरूलाई चुनावी अभियानका क्रममा सर्लाही पुगेका कांग्रेस सभापति एवं सर्लाही-४ का उम्मेदवार गगन कुमार थापाले औपचारिक रूपमा स्वागत गरेका थिए। जिल्लामा चुनावी सरगर्मी बढिरहेका बेला भएको यो प्रवेशलाई राजनीतिक वृत्तमा अर्थपूर्ण रूपमा हेरिएको छ। पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै थापाले लोकतान्त्रिक



मूल्य, समावेशी सोच र विकासको साझा लक्ष्यले विभिन्न राजनीतिक पृष्ठभूमिका नेताहरूलाई एउटै धारमा उभ्याएको बताए।

उनले भने, 'देशलाई स्थिरता, सुशासन र परिणाममुखी विकास चाहिएको छ। त्यसका लागि विचार मिल्ने सबै शक्ति एउटै यात्रामा अघि बढ्नु आवश्यक छ।' नवप्रवेशी नेताहरूले पनि आफूहरू विकास, स्थायित्व र सुदृढ लोकतान्त्रिक अभ्यासको पक्षमा उभिने निर्णयका साथ कांग्रेसमा आएको बताएका छन्। उनीहरूका अनुसार वर्तमान राजनीतिक परिस्थितिमा मतदाताको अपेक्षा पूरा गर्न सक्षम शक्ति रोज्नु आवश्यक ठानेर कांग्रेस रोजिएको हो। कार्यक्रममा उनीहरूसहित अरु कैयौं नेता कार्यकर्ता नेपाली कांग्रेसमा प्रवेश गरेका थिए।

सर्लाहीमा पछिल्ला दिनहरूमा विभिन्न दल परित्याग गरी कांग्रेस प्रवेश गर्ने क्रम बढ्दै गएको बताइएको छ।

विशेष गरी चुनावी अभियान तीव्र बनेसँगै जिल्लाका विभिन्न क्षेत्रबाट नेता-कार्यकर्ताहरू कांग्रेसतर्फ आकर्षित भइरहेका छन्। राजनीतिक विश्लेषकहरूका अनुसार मधेश क्षेत्रको राजनीतिमा प्रभाव राख्ने नेताहरूको कांग्रेस प्रवेशले आगामी निर्वाचनमा शक्ति सन्तुलनमा प्रभाव पार्न सक्ने आकलन गरिएको छ। यसलाई केवल दल परिवर्तनको घटना मात्र नभई स्थानीय राजनीतिक समीकरण फेरिने संकेतका रूपमा पनि हेरिएको छ। सर्लाहीमा चुनावी गतिविधि दिनप्रतिदिन तीव्र बन्दै जाँदा कांग्रेसको पल्लाभारी बढ्दै गएको छ।

मध्यान्ह
www.madhyanhadaily.com
३ फागुन २०८२ आइतबार
15 February 2026 Sunday

## सम्पादकीय

# बंगलादेशको निर्वाचन सन्देश

बंगलादेशमा सम्पन्न संसदीय चुनावमा बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)ले दुईतिहाइ बढी सिट जितेको छ । विद्यार्थी आन्दोलनले शेख हसिना नेतृत्वको सरकार ढलेपछि भएको निर्वाचनमा उनी नेतृत्वको अवामी लिगले चुनाव लड्न पाएन । निर्वाचनमा विद्यार्थी आन्दोलनपछि उदाएका नयाँ दल र पुराना दलहरू समेत प्रतिस्पर्धामा थिए । पुरानै मध्येको बिएनपीले उत्साहपूर्ण जित निकाल्यो । योसँगै बिएनपीले सरकार बनाउने निश्चित भएको छ । बंगलादेशमा आवधिक निर्वाचन भएको होइन । दुई वर्षअघिको निर्वाचनमा अवामी लिगले चुनाव जितेको थियो । नेतृत्वमा शेख हसिना थिइन् । उक्त निर्वाचनमा धाँधली गरेको आरोप उनीमाथि थियो । पछिल्लो डेढ दशकसम्म बंगलादेशमा शेख हसिनाको नेतृत्व सरकार चल्यो । उनी नेतृत्वको शासनलाई विपक्षीले अहंकारी भनेर टिप्पणी गर्दथे । लोकतान्त्रिक प्रक्रियामा हस्तक्षेप गरेको आरोपहरू पनि लागेका थिए । त्यही शासनको अन्त्यको माग गर्दै विद्यार्थीहरूले आन्दोलन गरे । आन्दोलनका क्रममा शेख हसिनाको नेतृत्वको सरकार ढल्यो । हसिना देश छाडेर भाग्न बाध्य भइन् । यो पृष्ठभूमिमा भएको निर्वाचनमा जनताले पुरानै शक्तिलाई रोजेका हुन् ।

पुरानो शक्ति भए पनि नेतृत्वमा नयाँ अनुहारका रूपमा तारिक रहमान शक्तिमा आएका छन् । रहमान पहिलो पटक औपचारिक रूपमा पार्टीको नेतृत्वमा आएका हुन् र चुनाव पनि पहिलो पटक नै लडेका हुन् । उनैलाई नयाँ प्रधानमन्त्री बनाउने भनेर बिएनपी चुनावमा गएको थियो । जनताले दुईतिहाइ बढी सिटमा यही दलका उम्मेदवारलाई जिताइदिए । यो चुनावी नतिजाले दक्षिण एसियाली राजनीतिमा नयाँ बहस जन्माएको छ । पुरानै दलको पुनरागमनले एउटा प्रश्न पनि उठाएको छ– आन्दोलनको ऊर्जा कहाँ गयो ? यो प्रश्न बंगलादेशमा मात्र सीमित छैन । नेपालका लागि पनि यो सान्दर्भिक छ । बंगलादेशमा लामो समय शासन गरेको लिगविरूद्ध र पूर्वप्रधानमन्त्री हसिनाविरूद्ध व्यापक असन्तुष्टि थियो । सडक आन्दोलनले दुबैलाई सत्ताच्युत गर्‍यो । तर जब चुनाव आयो, मतदाताले विकल्पका रूपमा पुनः पुरानै शक्तिलाई रोजे । यसको स्पष्ट सन्देश छ– आन्दोलनले सत्ता हल्लाउँछ, तर चुनावी राजनीति संगठन र संरचनाले जित्छ । नेपालले यसबाट सिक्न सक्छ । यदि वैकल्पिक राजनीति संस्थागत हुन सकेन भने परिवर्तन केवल अनुहारमा सीमित रहनेछ ।

# मतदाताको जिम्मेवारी

*निर्वाचन केवल उम्मेदवारको परीक्षा मात्र नभएर, मतदाता, पत्रकार र नागरिक समाज सबैको परीक्षा हो । मतदाताले सूचना छानेर बुझ्ने, तथ्यमा आधारित निर्णय गर्ने, नीति र सिद्धान्तमा भोट हाल्ने संस्कार अपनाउनु पर्छ ।*

अग्रलेख



● खिमराज गिरी

विगत लामो समयदेखि नेपालमा प्रजातान्त्रिक प्रणालीअनुसार राज्यका विभिन्न तहहरू - स्थानीय, प्रदेश र संघीय चुनावहरू भइरहेको छ र यसमा जनताको उत्साहजनक सहभागिता पनि रहेको पाइन्छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात्, निर्वाचन केवल भोट हाल्ने प्रक्रिया मात्र नभएर नागरिक चेतना, राजनीतिक संस्कारको विकास र लोकतान्त्रिक प्रक्रियामा मर्यादाको परीक्षा पनि बन्ने गरेको छ । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि बनेको नागरिक सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको मिति तय गरेको छ र निर्वाचनको तयारीमा सरकार र सबै दलहरू प्रायः तयारी अवस्थामा छन् ।

अहिले आसन्न निर्वाचनको माहौल तातिएको छ र यसले एउटा गम्भीर प्रश्न खडा गरेको छ- के मतदातालाई सार्वजनिक रूपमा केही युट्यूबरहरू र जिम्मेवार मिडियाकर्मीहरूले तपाई कुन दलमा वा नेतासँग भोट हाल्नुहुन्छ भनेर प्रश्न सोध्न मिल्छ ? अहिले यस्ता प्रश्नहरूले भ्यु बढी बटुल्ने बहानामा र कुनै पनि दलका नेतालाई बदनाम गरेर आफू सेलिब्रेटी बन्ने होडबाजीले विभिन्न किसिमका सञ्चारमाध्यमहरूलाई समातेको देखिन्छ र यसले अर्को प्रश्न पनि उठाएको छ कि, के राष्ट्रको चौथो अंगको रूपमा चिनिएको सञ्चारमाध्यमको कर्तव्य र निष्पक्षता यही हो त ? पक्कै पनि होइन र यसले मुख्यधारका मिडियालाईसमेत बदनाम गराइरहेको अवस्था छ ।

अर्को महत्वपूर्ण प्रश्न भनेको - देशको गरिमामय सांसदजस्तो पदमा पुग्ने इच्छा राख्ने नेता जसले नीति निर्माण तहमा महत्वपूर्ण जिम्मेवारीहरू बहन गर्नुपर्ने हुन्छ, त्यस्ता व्यक्तिहरूमा कस्तो किसिमको ज्ञान, क्षमता र जिम्मेवारी बोध हुनुपर्छ भन्ने कुरा थाहा पाउन जरुरी छ कि छैन ? कि, गाएर, बजाएर, बोलेर या भाइरल भिडियो बनाएर मात्र जिम्मेवारीको बोझ थाम्न सकिन्छ ? यी महत्वपूर्ण प्रश्नहरू र भविष्यमा निर्वाचित सांसदहरूको अवस्थाबारे गम्भीर रूपले सोच्न जरुरी छ ।

**मतदाताको सीमा**

नेपालको संविधानले प्रत्येक नागरिकलाई आफ्ना विचार र अभिव्यक्ति स्वतन्त्रता दिएको छ । यसको अर्थ भनेको कुनै पनि नागरिकलाई स्वतन्त्र रूपमा कुनै पनि दललाई मत दिन पाउने अधिकार छ । तर निर्वाचनको समयमा केही कानुनी र नैतिक सीमाहरू पनि लागू हुन्छन्, जस्तैः निर्वाचन आचारसंहिता, निर्वाचन आयोगका निर्देशन र प्रचलित कानूनी नियमले मतदातालाई जबरजस्ती प्रलोभनमा फसाउने, घृणात्मक भाषण गर्ने वा मतदातालाई गलत सूचना प्रवाह गर्ने किसिमका गतिविधिहरूलाई रोक लगाएको छ । यसैले, मतदाता र सञ्चारमाध्यमहरूले पनि सचेत भई नैतिकताको पालना गर्नुपर्छ ।

युट्यूबर वा मिडियाकर्मीको हैसियतमा बसेर कुनै पार्टीको पक्षमा एकतर्फी प्रचार गर्नु, पैसा वा सुविधा लिएर मतदातालाई प्रभावित पार्नु वा मतदान अघि तथा मतदानको दिन एक्जिट पोल जस्ता गतिविधि गर्नु कानूनी विपरीत हुनसक्छ । त्यसैले बोल्न पाइन्छ भने पनि विचारपूर्वक तथ्यपरक ढंगले बोल्नुपर्छ ।



**मिडिया र युट्यूबरको जिम्मेवारी**

मिडिया राज्यको चौथो अंग हो । यसको मुख्य भूमिका भनेको तथ्यपरक सूचना दिने, बहस गराउने र सत्तालाई जबाफदेही बनाउने हो, न कि दलको प्रचार मेशिन बन्नु । नयाँ मिडियाहरू - फेसबुक, युट्यूब र टिकटक - कुनै पनि घटनाको तत्काल जानकारी प्राप्त गर्ने माध्यमका रूपमा सहज छन् । तर चुनावको समयमा यसका माध्यमबाट गलत सूचना फैलाउँदा मतदातामा नकारात्मक असर पर्न सक्छ र भ्रष्टाचारी र दुराचारी नेताले राज्यको प्रतिनिधित्व गर्न पुग्ने सम्भावना बढ्न सक्छ । त्यसैले मिडियाले सन्तुलन र निष्पक्षता कायम राख्दै तथ्य जाँच, आचारसंहिता पालना गर्नुपर्दछ ।

**जनप्रतिनिधिले के जान्ने ?**

सांसद कुनै सांस्कृतिक कार्यक्रमका कलाकार होइनन्, उनीहरू राज्य सञ्चालनका प्रमुख नीति निर्माताहरू हुन् । त्यसैले सांसदलाई न्यूनतम होइन, राज्य सञ्चालनका विविध विषयमा पर्याप्त ज्ञान हुनु जरुरी छ । यसमा राजनीतिक शास्त्र, संस्कार, नैतिकता, इमानदारिता, शालीनता, भद्रता आदि कुराहरूको विशेषता सांसदहरूमा हुनु आवश्यक छ ।

आवश्यक ज्ञानहरूमा संविधानको गहिरो ज्ञान, कानूनी प्रक्रिया, संसदीय समिति, बजेट निर्माण प्रक्रिया, जनताको कुरा संसदमा कसरी राख्ने र देशको विकासका खाका कसरी बनाउने जस्ता कुराहरू पर्छन् । यद्यपि, वर्तमान अवस्थामा, विभिन्न दलबाट प्रतिनिधित्व गर्ने केही व्यक्तिहरू भने गायन, नृत्य र सामाजिक मिडियामा भाइरल हुनेका रूपमा परिचित छन् । यी व्यक्तिहरूले प्रतिनिधिसभामा जाने क्रममा गहिरो ज्ञान र अनुभवको अभाव देखाएका छन् ।

*सांसद कुनै सांस्कृतिक कार्यक्रमका कलाकार होइनन्, उनीहरू राज्य सञ्चालनका प्रमुख नीति निर्माताहरू हुन् । त्यसैले सांसदलाई न्यूनतम होइन, राज्य सञ्चालनका विविध विषयमा पर्याप्त ज्ञान हुनु जरूरी छ ।*

विश्वका केही मुलुक र विशेषगरी नेपालको राजनीतिक बजारमा गीत गाउने, नाच्ने, युट्यूब, फेसबुक, टिकटकमा भाइरल हुने, भावनात्मक भाषण गर्ने क्षमता राजनीतिमा सहायक हुनसक्छ । तर, यो देशको प्रतिनिधित्व गर्नका लागि घातक पनि हुनसक्छ । संसद् बहसको थलो हो, न कि स्टेज शो । केही दलहरूले संसदमा बढी संख्या देखाउनका लागि सेलिब्रेटीहरूलाई समावेश गरिरहेका छन्, जसले समाजमा गलत भाष्य निर्माण गर्दै छन् ।

**निष्कर्षमा,**

निर्वाचन केवल उम्मेदवारको परीक्षा मात्र नभएर, मतदाता, पत्रकार र नागरिक समाज सबैको परीक्षा हो । मतदाताले सूचना छानेर बुझ्ने, तथ्यमा आधारित निर्णय गर्ने, नीति र सिद्धान्तमा भोट हाल्ने संस्कार अपनाउनु पर्छ । त्यस्तै, पत्रकारहरूले निष्पक्ष रूपमा प्रश्न गर्न, समाजले कानूनी मर्यादामा दबाब सिर्जना गर्न र नागरिकहरूले लोकतान्त्रिक मर्यादाको पालनामा सचेत रहन जरुरी छ । नेपालको लोकतन्त्रलाई बलियो बनाउन हरेक नेता र जनतामा सोच, नीति, इमान र जिम्मेवारी बोधको भावना हुनु अत्यन्त जरुरी छ । यही चेतनाले मात्र नेपालको सन्दर्भमा निर्वाचनलाई सार्थक बनाउँछ ।

## इतिहासमा आज

१५ फेब्रुअरी २००३ मा इराक युद्धको विरुद्धमा विश्वभरका ६०० भन्दा बढी शहरहरूमा विरोध प्रदर्शनहरू भएका थिए । अनुमानअनुसार झण्डै ३ करोड मानिसहरूले उक्त प्रदर्शनमा भाग लिएका थिए, जसलाई इतिहासको सबैभन्दा ठूलो शान्ति प्रदर्शन मानिन्छ ।



१५ फेब्रुअरी २०१० मा बेल्जियमको हेलेमा दुई वटा रेल ठोक्किए । जुन दुर्घटनामा १९ जनाको मृत्यु भएको थियो भने १७१ जना घाइते भएका थिए ।



१५ फेब्रुअरी २०१२ मा होन्डुरसको कोमायागुआ शहरको होन्डुरन जेलमा आगलागी हुँदा तीन सय साठी जनाको मृत्यु भएको थियो ।



१५ फेब्रुअरी २०२१ मा प्रजातान्त्रिक गणतन्त्र कंगोको माई-न्डोम्बे प्रान्तको लोङ्गोला इकोटी गाउँ नजिकै कंगो नदीमा डुङ्गा डुब्दा भएको दुर्घटनामा ६० जनाको शव भेटियो भने सयौं बेपत्ता भए ।



## सामाजिक सञ्जाल



**गोपी कृष्ण खनाल**

बजारमा माग छैन । मूल्य वृद्धि आर्थिक कारण भन्दा पनि सिन्डिकेट, कार्टेलिङ, साँठगाँठ र ठगी जस्ता गैर प्राविधिक कारणले चाहीँ बढेको छ । सरकारले दीर्घकालीन बण्ड जारी गरेर भए पनि रकम जुटाई ठूला परियोजना ल्याएर माग सृजना गर्ने बेला हो यो । पूर्व पश्चिम रेल वा ठूला सिँचाई जलाशय आदि !




**डा. सुन्दरी पोखरेल**

इन्टरनेटबाट उत्तेजना, भ्रम, झुट, कुण्ठा फैलाएर अराजकता र विध्वंस गरेर लोकतान्त्रिक सरकार ढाल्ने नौलो प्रयोग बंगलादेशमा गरियो । त्यो प्रयोगले आत्महत्या गरेको छ । आम चुनावमा अराजकतावादी कथित नयाँहरूको पत्ता साफ भएको छ । नेपालमा पनि आत्महत्या गर्नेछ ।



**यादव देवकोटा**

बंगलादेशमा फलानोले हार्‍यो त्यसैले यता पनि सञ्जालमा मात्रै हो भनेर होहल्ला गर्नु पिसाबको न्यानो मात्रै हो । नेपालमा परिस्थिति फरक छ । चुनावमा जित हारको लबिङ बेग्लै कुरा हो । जनताको अभिमतभन्दा माथि कोही छैन ।



**डा. नवराज पन्त**

उम्मेदवारले जनतासँग भोट माग्न जाँदा कमसेकम स्थानीय स्तरको समुदायमा उसले के काम गरेको थियो ? पर्चामा आफ्नो अनुभव खुलाउनु पर्छ । जसको समुदायमा काम गरेको कुनै अनुभव छैन भने त्यो उम्मेदवारलाई जनताले भोट दिनु हुँदैन । देश बिगार्ने अनुभव नभएका जमातले हो ।

# शिवरात्रि र पशुपतिनाथको महिमा

विचार



● विश्वनाथ खरेल

*शिवरात्रि र पशुपतिनाथको महिमा असीम छ । यो पर्व र धामले हामीलाई शिवको कृपामा बाँच्न प्रेरित गर्छ । उपवास, जागरण र भक्तिले जीवनलाई पवित्र बनाउँछ ।*

हिन्दू धर्मको अनन्त आस्थाको प्रतीक महाशिवरात्रि र पशुपतिनाथ मन्दिर एकअर्कासँग अविभाज्य रूपमा जोडिएका छन् । फलतः शिवरात्रि भगवान् शिवको महान् रात्रि हो, जसलाई कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामका चार प्रमुख रात्रिमध्ये एक मानिन्छ । यो पर्व फागुन कृष्ण चतुर्दशीका दिन मनाइन्छ, जसलाई हिन्दू शास्त्रहरूमा व्रतोत्सवको राजा भनिन्छ । यस दिन उपवास, जागरण, शिवलिङ्गको अभिषेक र बेलपत्र चढाएर शिवको आराधना गरिन्छ ।

पशुपतिनाथ मन्दिर भने शिवको ‘पशुपति’ रूपको प्रमुख धाम हो । काठमाडौंको बागमती नदीको किनारमा अवस्थित यो मन्दिर युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत छ । यो क्षेत्र २४० हेक्टर जग्गामा फैलिएको छ र शैव, शाक्त, वैष्णव, बौद्ध लगायत विभिन्न सम्प्रदायका लागि समान आस्थाको केन्द्र हो । जबकि शिवरात्रिका दिन पशुपतिनाथमा लाखौं भक्तजनको घुइँचो लाग्छ, जसले यो मन्दिरलाई शिवरात्रिको केन्द्रबिन्दु बनाउँछ ।

शिवरात्रिको उत्पत्ति शिवपुराण, स्कन्दपुराण र अन्य धार्मिक ग्रन्थहरूमा वर्णित छ । धार्मिक शास्त्रहरूको अध्ययन गर्ने हो भने एउटा प्रमुख कथाअनुसार सृष्टिको आरम्भमा ब्रह्माबाट रुद्र रूपमा शिवको अवतरण यही रात्रिमा भएको थियो । यो दिनलाई शिवको जन्मरात्रि पनि भनिन्छ । यससँग सम्बन्धित एक प्रसिद्ध कथा चित्रभानु नामक शिकारीको छ । पूर्वकालमा चित्रभानु जङ्गलमा शिकार गर्दै थिए । साँझ सूर्य अस्त भएपछि ऊ बेलको वृक्षमुनि बस्यो, जहाँ शिवलिङ्ग रहेको थियो । उसले अनजानेमा बेलपत्रहरू शिवलिङ्गमाथि झार्‍यो र रातभर जागरण गर्‍यो । अर्को दिन मृत्यु भएपछि शिवको कृपाले उसले स्वर्ग प्राप्त गर्‍यो । यो कथाले सिकाउँछ कि अनजानमा पनि शिवको आराधना गर्दा मोक्ष प्राप्त हुन्छ । त्यसरी नै अर्को कथा समुद्रमन्थनसँग जोडिएको छ । देव र असुरले अमृत प्राप्त गर्न समुद्रमन्थन गर्दा कालकूट विष निस्कियो । संसारलाई विनाशबाट बचाउन शिवले उक्त विष पिए र नीलकण्ठ बने । यो घटना शिवरात्रिकै दिन भएको मानिन्छ । विष पिएर शिवले संसारको कल्याण गरेकाले यो दिनलाई कल्याणकारी रात्रि पनि भनिन्छ । त्यस्तै शिव र पार्वतीको विवाह पनि शिवरात्रिसँग जोडिएको छ । पार्वतीले शिवलाई पतिरूपमा प्राप्त गर्न कठोर तपस्या गरिन् र त्यसकै फलस्वरूप यही रात्रिमा उनीहरूको विवाह भएको विश्वास गरिन्छ । महिलाहरूका लागि यो दिन विशेष महत्व राख्छ । अविवाहित कन्याहरू असल पतिको कामना गर्छन् भने विवाहित महिलाहरू पतिको दीर्घायुको प्रार्थना गर्छन् । शिवपुराणमा उल्लेख छ- शिवरात्रिव्रतं कृत्वा सर्वपापैः प्रमुच्यते अर्थात् शिवरात्रिको व्रत गरे सबै पापबाट मुक्ति मिल्छ । यस दिन “ॐ नमः शिवाय” मन्त्र जप, रुद्राभिषेक तथा महामृत्युञ्जय मन्त्रको जप विशेष फलदायी मानिन्छ । नेपालमा शिवरात्रिलाई राष्ट्रिय पर्वका रूपमा मनाइन्छ, जसले हिन्दू एकताको प्रतीकका रूपमा समेत स्थान पाएको छ ।

पशुपतिनाथ मन्दिरको इतिहास हजारौं वर्ष पुरानो मानिन्छ । यो काठमाडौं उपत्यकाको प्राचीनतम धार्मिक स्थलमध्ये एक हो । गोपालराज वंशावलीअनुसार लिच्छवी राजा सुपुष्पदेवले यो मन्दिर निर्माण गरेका थिए (वि.सं. पूर्व ४५३) । पछि मल्ल राजाहरूले यसको पुनर्निर्माण गरे । भूपेन्द्र मल्लले वि.सं. १७५४ मा यसलाई अहिलेको स्वरूप दिएका थिए ।

पौराणिक किंवदन्तीअनुसार शिव र पार्वती काठमाडौं उपत्यकामा हरिण रूप धारण गरी आए । उनीहरू बागमती किनारको जङ्गलमा रमाए । देवताहरूले शिवलाई चिनेर समात्न खोज्दा शिव भागे र त्यस क्रममा उनको एउटा सिङ भाँचियो । त्यही सिङ शिवलिङ्गका रूपमा स्थापित भई पशुपतिनाथको उत्पत्ति भएको विश्वास गरिन्छ । अर्को कथाअनुसार एउटा गाईले दैनिक रूपमा एउटै स्थानमा दूध खसालेर लिंगको स्थान देखाएको थियो ।

यो मन्दिर २७५ शिवस्थलमध्ये एक भएकाले यसको विश्वव्यापी महत्व रहेको छ । नेपाल मात्र होइन, भारत, श्रीलंका, जापान लगायतका देशहरूबाट पनि भक्तजनहरू यहाँ दर्शन गर्न आउने गर्छन् । पशुपतिनाथको सबैभन्दा ठूलो विशेषता यसको पाँचमुखी स्वरूप हो । चार दिशातर्फ चार मुख र माथितर्फ पाँचौं मुख रहेको छ । प्रत्येक मुखले भिन्न-भिन्न दिशा र तत्त्वको प्रतिनिधित्व गर्दछ । पहिलो, पूर्वतर्फ फर्किएको मुख ‘तत्पुरुष’ हो, जसले सृष्टिको प्रतीकात्मकता बोकेको छ । दोस्रो, दक्षिणतर्फ फर्किएको ‘अघोर’ मुख संहार र क्रोधको प्रतीक मानिन्छ, जसले निर्भयताको भाव पनि जनाउँछ । तेस्रो, पश्चिमतर्फ रहेको ‘सद्योजात’ मुख पुनर्जन्म र नवीकरणको प्रतीक हो । चौथो, उत्तरतर्फ रहेको ‘वामदेव’ (अर्धनारीश्वर) मुख शिव-पार्वतीको एकत्वको प्रतीक हो । पाँचौं, माथितर्फ रहेको ‘ईशान’ मुख सबैभन्दा गोप्य र श्रेष्ठ मानिन्छ । यो निराकार स्वरूप हो र ब्रह्माण्डीय चेतनाको प्रतिनिधित्व गर्दछ । यही पशुपतिनाथको सर्वोच्च तत्व मानिन्छ ।

समग्रमा भन्नुपर्दा शिवरात्रि र पशुपतिनाथको महिमा असीम छ । यो पर्व र धामले हामीलाई शिवको कृपामा बाँच्न प्रेरित गर्छ । उपवास, जागरण र भक्तिले जीवनलाई पवित्र बनाउँछ । पशुपतिनाथले नेपाललाई विश्वमा चिनाएको छ । यहाँ आउने हरेक भक्तले आध्यात्मिक शान्ति अनुभूत गर्छन् । त्यसैले यस दिन “हर हर महादेव” को जयघोष गुन्जिन्छ । अन्त्यमा, शिवरात्रिको यस पावन अवसरमा सबैमा भगवान् शिवको कृपा र आशीर्वाद प्राप्त होस् ।

# पाँचथर सेवा समाज कतारले मनायो २२औं स्थापना दिवस




**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २ फागुन

मध्यपूर्वको देश कतारमा सन् २००४ मा स्थापित पाँचथर सेवा समाज कतारले २२ औं स्थापना दिवस भव्य रूपमा मनाएको छ ।

शुक्रबार सनैयाको प्लाजा मलमा अवस्थित वेलफेयर रेस्टुरेन्टको सभा हलमा समाजकी अध्यक्ष लीला राईको सभाध्यक्षका तथा कोशी प्रदेश समन्वय परिषद् कतारका अध्यक्ष रुद्र शर्मा आचार्यको प्रमुख आतिथ्यतामा स्थापना दिवस मनाएको हो ।

स्थापना दिवस कार्यक्रममा भोजपुर सेवा समाज कतारमा आबद्ध चेलीहरूले कोसेली प्रदान गरे भने किरात राई यायोक्खाका तर्फबाट साकेला सहितका नृत्य पेस गरिएको थियो ।

नृत्य पेस गरेका कलाकारलाई रित बमोजिम खादाले सम्मान गर्दै कोसेली प्रदान गरिएको थियो । समाजका सांस्कृतिक संयोजक कमल दर्नाल सहित कतारमा रहेका दर्जनौं कलाकारले सांगीतिक प्रस्तुति दिएको कार्यक्रममा अनु तामाङले मारुनी नृत्य पेस गरिन । तमु प्ये ल्हु संघका तर्फबाट विभिन्न सांगीतिक प्रस्तुति रहेको थियो भने लिम्बू जातिको मौलिक च्याब्रुङ नाच प्रस्तुत गरिएको थियो । नाचका बारेमा किरात याक्थुङ चुम्लुङ कतारका अध्यक्ष सागर तुम्बाहाङ्फे लिम्बुले प्रकाश पार्दै महत्वका बारेमा अर्थाएका थिए । लक्ष्मी प्रसाद सापकोटाले बाँसुरीमा साकेला र हुर्रा धुन बजाउँदै अर्को आकर्षण थपेका थिए ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि आचार्यले कोशी प्रदेश मातहतमा रहेका जिल्ला संस्थाहरूले स्थापना दिवस र अधिवेशन बाहेक नेपालका राष्ट्रिय पर्वहरू प्रदेश मातहत नै मनाउने गरेको बताए ।

उनले पाँचथरमा महिलाले सफलतापूर्वक नेतृत्व सम्हालिरहेको बताउँदै सभाध्यक्ष राईको प्रशंसा गर्दै स्थापना दिवस ऐतिहासिक रूपमा सम्मान गरेकोमा आयोजकलाई बधाई समेत दिए ।

कार्यक्रममा कतारमा स्थापित विभिन्न सामाजिक संघसंस्था, वैचारिक संस्थाका प्रमुख तथा प्रतिनिधि, विशिष्ट व्यक्तित्व, समाजसेवी, बुद्धिजीवी, व्यवसायी, सामाजिक अभियन्ता, कलाकार साथै मिडियाकर्मीहरू लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्ने वक्ताहरूले समाजले २२ औं वसन्त सम्म गरेका कार्यको प्रशंसा गर्दै चेलीले समाजलाई कुशलता पूर्वक नेतृत्व गरिरहेको प्रति प्रशंसा गर्दै आफ्ना धारणा राखेका थिए । स्थापना दिवस कार्यक्रममा सांगीतिक प्रस्तुति दिने कलाकार, सहयोगी तथा पत्रकारहरूलाई सम्मान गरिएको थियो ।

विधिवत् उद्घाटन गर्दै अगाडि बढेको कार्यक्रममा सोनिसा र सीमाले स्वागत नृत्य पेस गरेका थिए । समाजका वरिष्ठ उपाध्यक्ष तथा कार्यक्रम संयोजक रबिन खत्रीले स्वागत मन्तव्य राखेको कार्यक्रमका बारेमा प्रथम उपाध्यक्ष भवानी प्रसाद ओझाले प्रकाश पारेका थिए ।

महासचिव सुजन गुरुङले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष राईले संस्थापक अध्यक्षसहित तत समयको समिति प्रति उच्च सम्मान व्यक्त गरिन् । राईले कार्यक्रमलाई स्वर्णिम बनाउन हर तवरबाट सहयोग गर्ने सबैप्रति संस्थागत तथा व्यक्तिगत रूपमा आभार व्यक्त गरिन् ।

# 'शैक्षिक गुणस्तर उकास्न शिक्षक विद्यार्थी र अभिभावकबीच सहकार्य आवश्यक'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ फागुन




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक, विद्यार्थी र अभिभावकबीच परस्पर सहकार्य आवश्यक रहेको बताएका छन् । अर्घाखाँचीको छत्रदेव गाउँपालिका-१ मा रहेको आदर्श आधारभूत विद्यालयको हीरक महोत्सव उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले सानै उमेरदेखि बालबालिकालाई अनुशासित बनाउन नैतिक शिक्षालाई अनिवार्य गर्नुपर्नेमा जोड दिए ।

उनले विद्यालयले प्रदान गरिरहेको शिक्षाको स्तर र विद्यार्थीको नतिजाबारे गम्भीर समीक्षा गर्नुपर्ने उल्लेख गरे । 'तपाईंहरूले कस्तो खालको शिक्षा दिइरहनु भएको छ, ती विद्यार्थीको नतिजा कस्तो आइरहेको छ भन्ने विषयमा ध्यान दिन जरुरी छ । बोर्डिङको फेसन बढ्दै गएको छ । तर, तपाईंहरूले मेहनत गर्नुभयो भने बोर्डिङभन्दा राम्रो शिक्षा दिन सक्नुहुन्छ । यो विद्यालयलाई नमुनायोग्य बनाउन सकिन्छ,'उनले भने ।

अभिभावकहरूलाई आफ्ना छोराछोरीको अवस्थाबारे जानकारी राख्न आग्रह गर्दै उनले सानो उमेरदेखि नै अनुशासन र नैतिक शिक्षामा जोड दिनुपर्ने बताए । 'मुलुकमा अराजकता बढ्दै गइरहेको छ । सानैदेखि बालबालिकालाई नैतिकवान र अनुशासित बनाउन आवश्यक छ । बच्चालाई सानैदेखि मर्यादित र अनुशासित बनायौं भने, घर र समाज बुझायौं भने त्यो बच्चाको भविष्य उज्ज्वल हुन्छ,' उनले भने ।

मुख्यमन्त्री आचार्यले गाउँमा विकास पुगेकाले अब गाउँ फर्किन पनि आह्वान गरे । विकास निर्माणको दृष्टिकोणले अर्घाखाँचीलाई अन्य पहाडी जिल्लाको तुलनामा उदाहरणीय जिल्लाका रूपमा विकास गर्दै लगिएको उल्लेख गर्दै उनले गाउँगाउँमा कच्ची बाटाहरू पक्की बन्दै गएको, खानेपानीका धारा पुगेको तथा विद्यालय र स्वास्थ्य चौकी स्थापना भएको जानकारी दिए ।

'हिजो तपाईंहरूले नै गाउँमा विकास ल्याउनुपर्छ, बाटो बनाउनुपर्छ, विद्यालय खोल्नुपर्छ, स्वास्थ्य चौकी खोल्नुपर्छ भन्नुभएको थियो । अहिले ती कुराहरू पूरा हुँदै गइरहेका छन् । तर, विडम्बना गाउँ खाली हुँदै गएका छन् । घरका ढोकामा ताल्चा झुण्डिएका छन् । छानाहरू चुहिन थालेका छन् र भत्किन थालेका छन्,'उनले भने ।

उनले पुर्खाहरूले गाउँ विकासका लागि गरेको योगदान स्मरण गर्दै गाउँलाई समृद्ध बनाउन सबैको सक्रिय सहभागिता आवश्यक रहेको धारणा राखे ।

कार्यक्रममा जिल्ला समन्वय उपप्रमुख लक्ष्मी शर्मा ज्ञवालीले सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि समुदाय, अभिभावक र स्थानीय तहबीच सहकार्य आवश्यक रहेको बताइन् । गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले विद्यालयको ७५ वर्षे ऐतिहासिक यात्राले शैक्षिक चेतना विस्तारमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै आगामी दिनमा प्रविधिमैत्री तथा सीपमूलक शिक्षा प्रवर्द्धन गरिने बताए ।

उपाध्यक्ष मनि पन्थीले सामुदायिक विद्यालयलाई प्रतिस्पर्धी बनाउन शिक्षक-विद्यार्थीको अनुशासन र नियमित अनुगमन आवश्यक रहेको बताइन् ।

वडा नम्बर १ का अध्यक्ष काजिबाबु ज्ञवाली र वडा नम्बर ३ का अध्यक्ष तेजप्रसाद खनालले स्थानीय स्रोत-साधन परिचालन गरी विद्यालय विकासमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। वडा नम्बर १ का पूर्व अध्यक्ष प्रकाशराज पन्थीले विद्यालय स्थापना र विकास यात्रामा समुदायको योगदान स्मरण गर्दै आगामी पुस्ताका लागि सुदृढ शैक्षिक वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए ।

नेपाल पत्रकार महासंघ अर्घाखाँचीका अध्यक्ष गणेश खनालले ग्रामीण क्षेत्रमा गुणस्तरीय शिक्षा, सूचना र सचेतनाको विस्तारले बसाइँसराइको प्रवृत्ति न्यूनिकरण गर्न सहयोग पुग्ने बताए । कार्यक्रममा गाउँकार्यपालिका सदस्य, विद्यालयका चन्दादाता, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यार्थी, अभिभावक तथा विभिन्न विद्यालयका शिक्षक-शिक्षिकाको उल्लेख्य उपस्थिति रहेको थियो ।

हीरक महोत्सवको अवसरमा स्थानीय वेदवा '१० भाइ' ज्ञवाली परिवारको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । शिविरको व्यवस्थापन सुदीप ज्ञवाली र विदुर ज्ञवालीले गरेका थिए भने आर्थिक सहयोग वेदवा १० भाइ परिवारबाट उपलब्ध गराइएको थियो । शिविरमा आएका बिरामीहरूको स्वास्थ्य परीक्षण, आवश्यक परामर्श तथा औषधि वितरण गरिएको आयोजकले जनाएको छ । ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पहुँच सीमित रहेको अवस्थामा यस प्रकारको शिविरले स्थानीय बासिन्दालाई प्रत्यक्ष राहत पुगेको सहभागीहरूले बताएका छन् ।

कार्यक्रममा विद्यालयलाई सहयोग पुऱ्याउने विभिन्न सहयोगदाता तथा अक्षयकोष दातालाई सम्मान गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ज्ञवालीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन ईश्वर ज्ञवालीले गरेका थिए भने विद्यालयको प्रगति प्रतिवेदन प्रधानाध्यापक बलबहादुर घर्तीले प्रस्तुत गरेका थिए । प्रतिवेदनमा विद्यालयको शैक्षिक उपलब्धि, भौतिक पूर्वाधार विस्तार, आगामी योजना तथा चुनौतीबारे विस्तृत जानकारी दिइएको थियो ।

विविध सांस्कृतिक प्रस्तुति, सम्मान कार्यक्रम तथा प्रतिबद्धता घोषणासहित सम्पन्न हीरक महोत्सवले विद्यालयको गौरवपूर्ण इतिहास स्मरण गराउँदै आगामी दिनमा अझ सशक्त शैक्षिक अभियान अघि बढाउने संकल्प व्यक्त गरेको छ । कार्यक्रममा सहभागी वक्ताहरूले विकाससँगै जनशक्ति गाउँमै टिकाउने वातावरण निर्माण गर्न सके मात्र समृद्ध र आत्मनिर्भर गाउँ निर्माण सम्भव हुने धारणा राख्दै सामूहिक पहलको आवश्यकता औंल्याएका थिए ।

# निर्वाचनमा बाल सहभागिता रोक्न प्रशासनको चेतावनी




**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २ फागुन

जिल्ला प्रशासन कार्यालय रौतहटले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै बालबालिकालाई कुनै पनि राजनीतिक तथा चुनावी गतिविधिमा संलग्न नगराउन स्पष्ट निर्देशन जारी गरेको छ । फागुन २१ गते २०८२ मा हुने निर्वाचनलाई स्वच्छ, मर्यादित र बालमैत्री बनाउन प्रशासनले सबै पक्षलाई सचेत गराएको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र कुमार यादवले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत बालबालिका राष्ट्रको भविष्य भएकाले उनीहरूलाई राजनीतिक प्रभाव, जोखिमपूर्ण गतिविधि तथा मानसिक-शारीरिक शोषणबाट टाढा राख्नु राज्य, राजनीतिक दल र समाजको साझा जिम्मेवारी भएको उल्लेख गरेका छन् ।

विज्ञप्तिमा नेपालको संविधान, बाल अधिकारसम्बन्धी ऐन तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताले समेत बालबालिकालाई राजनीतिक प्रयोजनका लागि प्रयोग गर्न निषेध गरेको स्पष्ट पारिएको छ ।

प्रशासनले सबै राजनीतिक दल, उम्मेदवार, समर्थक तथा सरोकारवालालाई चुनावी सभा, जुलुस, प्रचारप्रसार लगायतका गतिविधिमा बालबालिकाको प्रयोग नगर्न विशेष आग्रह गर्दै निर्वाचन प्रक्रियालाई कानुनसम्मत र सभ्य बनाउन सहयोग गर्न आह्वान गरेको छ ।

# रौतहटमा माघ महिनामा ७७ मुद्दा दर्ता, ४१ फरार प्रतिवादी पक्राउ




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २ फागुन

जिल्ला प्रहरी कार्यालय रौतहटले आर्थिक वर्ष २०८२/०८३ को माघ महिनामा गरेको कार्यसम्पादनको प्रगति विवरण सार्वजनिक गरेको छ । प्रहरीले अपराध नियन्त्रण, शान्ति सुरक्षा कायम र सामुदायिक सचेतनामूलक कार्यक्रमलाई प्राथमिकतामा राखेर काम गरेको जनाएको छ ।

माघ महिनामा जिल्लाभर ७७ वटा विभिन्न प्रकृतिका मुद्दा दर्ता भएका छन् । जसमध्ये ज्यान सम्बन्धी ७, आत्महत्या ८, चोरी २, सामाजिक अपराध २३ र बैंकिङ कसूरका १७ मुद्दा रहेका छन् । विभिन्न मुद्दामा संलग्न ४१ जना फरार प्रतिवादी पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

लागूऔषध नियन्त्रणतर्फ १ जनालाई पक्राउ गरी उनको साथबाट डाईजेपाम ५ सय पिस, फेनारगन ५ सय पिस र नुरफिन ५ सय पिस बरामद गरिएको छ । सीमावर्ती जिल्ला भएकाले अवैध गतिविधि नियन्त्रणमा विशेष निगरानी बढाइएको जनाइएको छ ।

अवैध भन्सार छली नियन्त्रण क्रममा ६२ लाख ८९ हजार ९ सय ३० बराबरको सामान र ५ वटा सवारी साधन बरामद गरिएको छ । राजस्व छलीतर्फ ६४ हजार ६ सय ५० रुपैयाँ बराबरको सामान बरामद गरिएको छ भने प्राकृतिक स्रोत दोहनमा संलग्न २ सवारी साधन नियन्त्रणमा लिई ६ हजार रुपैयाँ जरिवाना गरिएको छ ।

माघ महिनामा ९२ वटा सवारी दुर्घटना भएका छन् । दुर्घटनामा ५ जनाको मृत्यु भएको छ भने १ सय २९ जना घाइते भएका छन् । ट्राफिक नियम उल्लंघन गर्ने ७ सय ४५ सवारी साधनलाई कारबाही गरी ७ लाख ८२ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरिएको छ । अधिकांश दुर्घटनाको कारण चालकको लापरबाही रहेको प्रहरीको विश्लेषण छ ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत लागूऔषध, आत्महत्या र महिला हिंसाविरुद्ध ५६ कार्यक्रम सञ्चालन गरिएको छ । विभिन्न विद्यालयमा आत्महत्या, साइबर अपराध र लैंगिक हिंसाविरुद्ध १५ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी ६५७ विद्यार्थीलाई प्रशिक्षण दिइएको छ ।

सरस्वती पूजाको मूर्ति विसर्जनका क्रममा परोहा नगरपालिका-९ रामपुरखापमा भएको झडप नियन्त्रण गर्न २ सय ८३ जना प्रहरी परिचालन गरिएको र स्थिति नियन्त्रणमा लिन ६८ राउन्ड ग्यास सेल प्रयोग गरिएको जनाइएको छ । साथै ११ वटा राजनीतिक कार्यक्रमको सुरक्षा व्यवस्थापन गरिएको छ ।

प्रहरीले सेवाग्राहीको गुनासो सुनुवाइका लागि क्युआर कोड प्रणाली सञ्चालनमा ल्याएको छ । हराएका २ वटा मोबाइल फेला पारी सम्बन्धित व्यक्तिलाई बुझाइएको छ । सूचना अधिकारी प्रहरी नायव उपरीक्षक विष्णु प्रदीप बस्यालले प्रो-एक्टिभ पोलिसिङ र २४ सैं घण्टा गस्तीमार्फत जिल्लाको शान्ति सुरक्षा मजबुत बनाइएको बताएका छन् ।

# प्रशासन कार्यालयमा पश्चिम नवलपरासीमा आचारसंहिता उल्लंघनको उजुरी

**बिनोद निगम/मध्यान्ह**
पश्चिम नवलपरासी, २ फागुन




पश्चिम नवलपरासीमा आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ नजिकिँदै गर्दा निर्वाचन आचारसंहिता उल्लंघनका घटनाबारे उजुरी परेपछि जिल्ला प्रशासन कार्यालयले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । निर्वाचनलाई स्वतन्त्र,निष्पक्ष,स्वच्छ,पारदर्शी,मितव्ययी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्ने उद्देश्यसहित निर्वाचन आयोगले माघ १४ गतेदेखि निर्वाचन आचारसंहिता, २०८२ लागू गरिसकेको छ ।

तर,जिल्ला अन्तर्गत निर्वाचन क्षेत्र नं.१ र २ मा केही उम्मेदवार तथा राजनीतिक दलको प्रचार-प्रसार कार्यक्रममा स्थानीय तहका पदाधिकारीहरू संलग्न भएको भन्दै गुनासो तथा उजुरी परेपछि निष्पक्षतामाथि प्रश्न उठ्न थालेको छ । आचारसंहिताले सरकारी स्रोत-साधनको प्रयोग,पदको दुरुपयोग तथा प्रभाव प्रयोग गरेर प्रचार-प्रसारमा संलग्न हुन निषेध गरेको व्यवस्था स्पष्ट रूपमा उल्लेख गरेको छ ।

राजनीतिक विश्लेषकहरूका अनुसार निर्वाचनको समयमा स्थानीय तहका जनप्रतिनिधि वा पदाधिकारीहरू कुनै विशेष उम्मेदवारको प्रचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागी हुनु निर्वाचनको स्वच्छता र विश्वसनीयतामाथि प्रतिकूल प्रभाव पार्न सक्छ । यसले मतदातामा दबाब वा प्रभाव सिर्जना गर्ने जोखिमसमेत रहने उनीहरूको भनाइ छ ।

जिल्ला प्रशासन कार्यालयले उक्त विषयलाई गम्भीर रूपमा लिँदै निर्वाचन आचारसंहिता,२०८२ को परिच्छेद-३ बमोजिम आचारसंहिता पूर्ण रूपमा पालना गर्न र गराउन सम्बन्धित सबै पक्षलाई अनुरोध गरेको छ। प्रशासनले आचारसंहिता उल्लंघनका घटनामाथि निगरानी बढाइएकोसमेत जनाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन आचारसंहिता अनुगमन अधिकृत पोषणराज भण्डारीले आचारसंहिता उल्लंघन कुनै पनि हालतमा सह्य नहुने स्पष्ट पार्दै सबै राजनीतिक दल, उम्मेदवार तथा जनप्रतिनिधिलाई कानुनको कडाइका साथ पालना गर्न आग्रह गरेका छन् ।

निर्वाचनको निष्पक्षता र विश्वसनीयता जोगाउन राजनीतिक दल, उम्मेदवार, जनप्रतिनिधि तथा प्रशासन सबैको साझा जिम्मेवारी रहने विश्लेषकहरूको भनाइ छ । निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनले मात्र स्वच्छ र विश्वासिलो निर्वाचन सुनिश्चित हुने उनीहरू बताउँछन् ।

# कवि लाकोजूसँग अन्तरसंवाद




**भक्तपुर/मस-** कवि तथा बहुआयामिक साहित्यकार सूर्यप्रसाद लाकोजूसँग विशेष अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको छ । बुक क्लब भक्तपुरले आयोजना गरेको कार्यक्रममा साहित्य, जीवन, इतिहास, संस्कार र सिर्जनाका विविध आयाममाथि गहिरो छलफल गरिएको थियो । लाकोजूले पनौतीजस्तो सांस्कृतिक तथा प्राकृतिक दृष्टिले महत्वपूर्ण स्थानमा जन्मिएर हुर्किएको स्मरण गर्दै बाल्यकालदेखि जात्रा-पर्व, मठमन्दिर र स्थानीय संस्कारबाट प्रेरणा पाएको बताए । उनले संस्कृतिहरू नै हाम्रो पहिचान भएको उल्लेख गर्दै तिनै आधारबाट आफ्नो सिर्जनात्मक यात्राले दिशा पाएको धारणा व्यक्त गरे ।

कार्यक्रममा उनका कविता, मुक्तक, कथा, हाइकु, नियात्रा, अनुसन्धानमूलक निबन्ध, संस्मरण, अनुवाद तथा बालसाहित्यसम्म फैलिएको सिर्जनात्मक विस्तारको चर्चा गर्दै उनलाई 'बहुभाषिक र बहुविधात्मक स्रष्टा'का रूपमा परिचित गराइएको थियो । नेपालीसँगै हिन्दी, अंग्रेजी र नेपाल भाषामा कलम चलाएर उनले पृथक पहिचान बनाएको उल्लेख गरिएको थियो ।

प्रश्नोत्तर क्रममा उनले आफ्नो लेखनको मूल प्रेरणा तत्कालीन परिवेश, सामाजिक घटनाक्रम र समाजप्रतिको दायित्वबोध भएको बताए ।

'साहित्य परिवर्तनको प्रतीक हो, यसले सिंगो समाजलाई सकारात्मक ऊर्जा दिन सक्छ,' उनले भने ।

उनले 'घाम'लाई आफ्नो सिर्जनामा बारम्बार प्रयोग गर्ने प्रतीकका रूपमा उल्लेख गर्दै घाम केवल उज्यालोको प्रतीक मात्र नभई सकारात्मक ऊर्जाको प्रतीक भएको विचार राखे ।

अन्तरसंवादमा उनका विभिन्न विधाका कृतिमाथि विशेष चर्चा गरिएको थियो । उनका ६ वटा कविता संग्रह, ५ वटा मुक्तक संग्रह, एक कथा संग्रह, दुई हाइकु संग्रह, तीन अनुसन्धानमूलक तथा सांस्कृतिक निबन्ध, दुई जीवनीपरक/प्रेरक कृति, करिब एक दर्जन बालसाहित्य कृति, नियात्रा कृति 'आसामको स्पर्श', एक गीत संग्रह, संस्मरण 'स्मृतिको आँखिझ्यालबाट' तथा सिर्जना-प्रशिक्षणसम्बन्धी 'सिर्जना लेखनकला' उनका महत्वपूर्ण प्रकाशनका रूपमा चर्चा गरिएका थिए ।

कार्यक्रम सञ्चालक हरिसुन्दर छुकांले कवि लाकोजूको लेखन यात्रा, चुनौती, अवसर र भावी योजनाबारे दर्जनभन्दा बढी जिज्ञासा राखेका थिए । जवाफमा लाकोजूले आफूलाई 'अक्षरकर्मी'को रूपमा चिनाउँदै आफ्नो लेखनले देश र समाजलाई सकारात्मक योगदान दिनुपर्छ भन्ने धारणा व्यक्त गरे । अन्तरसंवादका बीच-बीचमा उनले कविता वाचन गर्दै देश, काल र परिस्थितिको सजीव चित्रण प्रस्तुत गरेका थिए ।

लेखक लोभ, लालच र डरभन्दा माथि उठेर सत्यको पक्षमा उभिनुपर्ने बताउँदै उनले साहित्य क्षेत्रमा देखिएका केही विकृतिप्रति कटाक्षसमेत गरे । कार्यक्रममा उपस्थित महानुभावहरूले उनका काव्य प्रवृत्तिगत विशेषता, प्रकृतिप्रेम, आध्यात्मिक संवेदना, संघर्ष र योजनाबारे जिज्ञासा राखेका थिए ।

सहभागीहरूले यस्ता कार्यक्रमले साहित्यलाई पाठ्य विषयमात्र नभई जीवित अनुभवका रूपमा बुझ्ने अवसर प्रदान गर्ने बताए । कार्यक्रमको अन्त्यमा बुक क्लब भक्तपुरका अध्यक्ष दिनेश प्रधानले कवि लाकोजूलाई मायाको चिनो प्रदान गरेका थिए । कवि लाकोजूका छोराको कविता वाचनबाट प्रारम्भ भएको कार्यक्रम 'बदलिँदै आयौँ' शीर्षकको कविता वाचनसँगै समापन भएको थियो ।



# ‘नेपाली क्रिकेटप्रति बढेको माया जोगाउनैपर्छ’

नेपाली क्रिकेटले पछिल्ला वर्षहरूमा अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो पहिचान बलियो बनाउँदै गएको छ। आशा र अपेक्षा बढिरहेका बेला उतार-चढावपूर्ण नतिजाले समर्थकलाई उत्साहितसँगै चिन्तित पनि बनाएको छ। प्रस्तुत छ यही सन्दर्भमा नेपाली क्रिकेटको वर्तमान अवस्था, चुनौती र सम्भावनाबारे नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्कासँग गरिएको कुराकानीको सम्पादित अंश :

**पारस खड्का**, *सचिव, नेपाल क्रिकेट संघ*

**इंग्ल्यान्डसँगाको उत्कृष्ट प्रदर्शनपछि नै इटालीविरुद्ध फरक र निराशाजनक नतिजाबारे तपाईंको धारणा के छ ?**

हाम्रो क्रिकेटको इतिहास नै अप एन्ड डाउन नै छ। सन्तुलित प्रदर्शन हुन सकेको छैन। इंग्ल्यान्डसँग खेलपछि सबैमा आशा ह्वात्तै बढेको छ। त्यो खेलबारे विश्व क्रिकेटले नै नेपालबारे प्रशंसा गऱ्यो। वानखेडेमा खेल भएकाले नेपाली क्रिकेटप्रति सबैको नजर छ। दोस्रो खेल इटालीसँग जस्तो प्रदर्शन भयो, त्यसले सबै निराश हुनुहुन्छ। अप एण्ड डाउनको अवस्था त्यो खेलमा पनि देखियो। खेल हो, जित-हार हुन्छ। तर पहिलो खेलमा जसरी खेल्यो र दोस्रो खेलमा जस्तो हार भयो, त्यो पक्कै पनि सहज थिएन। इटालीको क्रिकेटको इतिहास ठूलो छैन। तर त्यहाँ राम्रा खेलाडी र कोचिङ छन्। उहाँहरूले राम्रो काम गर्नुभयो। नेपाली क्रिकेटको समर्थक हुन सहज छैन। अहिले म पनि समर्थककै रूपमा हेरिरहेको छु। मलाई पनि सहज थिएन। मुम्बईमा समर्थकले नेपाली टोलीप्रति धेरै माया देखाउनुभएको छ। हरेक रेस्टुरेन्टमा जाँदा अहिले नेपालीहरू भेटिनुहुन्छ। यो नेपाली क्रिकेटले कमाएको माया हो। नतिजा खराब आउँदा निराश हुनु स्वभाविक हो। तर पनि यसलाई बिर्सेर अगाडि बढ्नुपर्छ। अनफिल्ड प्रदर्शनले नै नेपाली क्रिकेटले धेरै माया पाएको छ। त्यो मायालाई निराशा हुन दिनु हुँदैन। हाम्रा खेलाडी पनि निराश छन्। अहिलेका लागि हामीले धैर्यता राखौं।

**नेपाली क्रिकेटको प्रदर्शनमा सन्तुलन किन हुन सकेको छैन ?**

खेलाडी उत्पादन हुने नेपाल क्रिकेटको संरचना धेरै राम्रो छैन। सन् १९९६ देखि २०२६ सम्म नेपालको अन्तर्राष्ट्रिय क्रिकेट ३० वर्ष भएको छ। यो अवधि हेर्ने हो भने राम्रो खेलाडी आए र प्रशिक्षकहरू राम्रो आउनुभयो। केही राम्रा व्यवस्थापक पनि आउनुभयो। सबैको संयुक्त प्रयासले यहाँसम्म आइपुगेका हौं। खेलाडीहरूले मेहनत गरेका छन्, फोकस छन्। राम्रो प्रदर्शनलाई स्थिरतामा राख्न हाम्रो जनरल पर्सनालिटीले व्यवस्थापन गर्नुपर्छ। सबै एउटै माटोमा हुर्किरहेका छौं। कहिलेकाहीँ सामाजिक सञ्जालमा आउने प्रतिक्रियाहरूले पनि खेलाडीहरूलाई असर पर्ने गरेको सम्भावना छ। यसले प्रदर्शनलाई स्थिर बनाउन सकेको छैन। तर यो एक्सक्युज होइन। हाम्रा खेलाडीलाई मानसिक रूपमा विकास गर्न आवश्यक छ। खेलाडी भएपछि कसले माया गर्छ या गर्दैन भनेर हेर्नु हुँदैन। खेलाडीको मानसिकता बलियो नै हुनुपर्छ। अहिले खेलाडी मेहनती छन्। अब पर्सनालिटी बढाउन पनि काम गर्ने हो भने नेपाली क्रिकेट अझै सन्तुलनमा बन्न सक्छ।

**पूर्वकप्तानका रूपमा इटालीसँगाको हार सहज कतिको गाह्रो हुन्छ ?**

एउटा खेलाडीको रूपमा हरेक हार सहज हुँदैन। म खेल्दा सबैभन्दा विशेष क्षण के थियो भनेर सोध्नुभयो भने जित हुँदा खुशी र हार हुँदा निराश नै हुन्छ। देशका लागि खेल्नु गर्वको क्षण हो। पहिलेको जेनरेशनको क्रिकेट र अहिलेमा धेरै परिवर्तन भइसकेको छ। अहिले नेपाली क्रिकेट हार्न नै हुँदैन भन्ने भावना पैदा भइरहेको छ। मुम्बईमा पनि टीयूको जस्तो वातावरण सिर्जना भएको छ। तर यो माया हो। मैले पनि समर्थकको रूपमा नै हेरिरहेको छु। इटालीसँग १२४ रनको सानो लक्ष्य हुँदा पनि जित्छौं भन्ने विश्वास थियो। इंग्ल्यान्डविरुद्धको त्यो प्रदर्शनपछि लगत्तै यस्तो नतिजा आउँदा सहज थिएन। त्यसले सबैलाई निराश बनाएको छ। पहिलो र दोस्रो खेल जितेको भए माहोल फरक हुन्थ्यो। यो स्थानसम्म आउनु पनि ठूलो पक्ष हो। हाम्रो संरचनाअनुरूप यहाँसम्म आउनु सुखद् पक्ष हो। प्रदर्शनमा मात्र सन्तुलन हुन सकिरहेको छैन। दुई खेल सकिसकेको छ, त्यसलाई बिर्सनुपर्छ। आगामी दुई खेलबारे सोच्नुपर्छ। ती खेलमा राम्रो गर्नुपर्छ। समर्थकहरू अहिले अब नतिजा चाहिन्छ भन्नेमा पुग्नु भइसकेको छ। पहिलो खेलको प्रदर्शन दोहोऱ्याउने हो भने अझ राम्रो नतिजा आउँछ। अंकगणितीय रूपमा हाम्रो अझै सम्भावना बाँकी छ। फेब्रुअरी महिना र नेपाली क्रिकेटबारे सुखद् संयोग छ। आशामा अगाडि बढ्नुपर्छ र आशा छ, यो टिमले आगामी खेलमा राम्रो गर्छ। हामी पनि नेपाली क्रिकेटलाई बलियो बनाउन लागेको छौं।

**इंग्ल्यान्डविरुद्ध प्रदर्शनपछि विश्वका स्टार खेलाडी, ठूला फ्रेन्चाइज टोली र धेरैले प्रशंसा गरेका थिए। सबैको आँखामा नेपाली क्रिकेट देखियो। तर एक्कासी त्यो किसिमको हारले नेपाली क्रिकेटलाई कति असर पुऱ्याउनेछ ?**

नेपाली क्रिकेट माथि पुगेको छ भन्नु विश्वकप खेल्नु नै हो। यहाँभन्दा माथि जान सक्दैनौं। हाम्रो इतिहास र संरचना कस्तो छ ? त्योअनुसार विश्वकप खेलेका छौं। विस्तारै विश्व क्रिकेटमा नोटिस हुन थालेका छौं। विस्तारै खेलप्रति राम्रो संस्कार बस्दैछ। हामी विश्वकप खेल्दैछौं र एकदिवसीय मान्यता छ। यो पनि राम्रो पक्ष हो। विश्वकपसँगै एकदिवसीय साइकल पनि राम्रो गर्नुछ। एकदिवसीय मान्यता जोगाउन धेरै गृहकार्य गर्न आवश्यक छ। तालीसँगै गाली पनि स्वीकार गर्छौं। खेलाडीले पनि आलोचनालाई सकारात्मक रूपमा लिनुभएको छ। विश्वकप खेल्दा धेरै खुशीयाली मनाउनुपर्ने अवस्था छैन। आशा धेरै छन्। तर तेस्रो खेलमा जित-हार एक ठाउँमा छन्। प्रदर्शन राम्रो गर्नुपर्छ।

**नेपालले पहिलो खेलपछि विश्व क्रिकेटका लिजेन्ड र फ्रेन्चाइज टोलीबाट प्रशंसा पाएको थियो। तर कप्तान रोहित पौडेलले गत संस्करणको विश्वकपमा राम्रो प्रदर्शन गरेपछि पनि ठूला टोलीसँग खेल्न पाएनौं भन्ने बताउनुभएको थियो। यस विश्वकपपछि राम्रो टोलीसँग खेल्न पाउने सम्भावना कति छ ?**

नेपालको क्रिकेट इतिहास हेर्ने हो भने थोरैले मात्र ठूला फ्रेन्चाइज क्रिकेट खेल्नुभएको छ। सन्दीप लामिछानेले मात्र विश्वका धेरै फ्रेन्चाइज लिग खेल्नुभएको छ। उहाँले आइपिएललगायत खेल्नुभएको छ। अन्य केही खेलाडी मात्र फ्रेन्चाइज खेल्नुभएको छ। कुनै पनि फ्रेन्चाइज लिगले नेपालबारे सामाजिक सञ्जालमा गरेको प्रशंसा सम्मान हो। १० वर्षअगाडि यो अवस्था पनि थिएन। हामीले ठूला राष्ट्र र टेस्ट खेल्ने टोलीसँग खेल्न राम्रो प्रदर्शन गर्दै जानुपर्छ। उहाँहरूसँग खेल्न सहज छैन। उहाँहरूसँग खेल्न प्रदर्शनमा पनि सन्तुलन राख्नुपर्छ। तर पनि ठूला राष्ट्रसँग श्रृंखला गर्न पहल गरिरहेका छौं। तर टोलीको प्रदर्शनबाट पनि ती टोलीको आँखामा पर्नुपर्छ। अफ-द-फिल्ड र अन-द-फिल्ड राम्रो हुनुपर्छ। जब देशले जित्छ वा राम्रो गर्दै जान्छ, राम्रो श्रृंखला आफैं आउँछ। अनि खेलाडीहरू पनि फ्रेन्चाइज लिगको आँखामा पर्नेछन्। यो टोलीमा विश्वास छ र प्रदर्शनमा पनि सन्तुलन आउनेछ।

टी-२० विश्वकप

# ओमान समूह चरणबाट बाहिरियो



**काठमाडौं/मस-** आयरल्यान्डसँग ९६ रनको फराकिलो पराजय भोग्दै ओमान आइसिसी टी-२० विश्वकप क्रिकेटको समूह चरणबाटै बाहिरिएको छ।

शनिबार कोलम्बोस्थित सिंहली स्पोर्ट्स क्लब ग्राउन्डमा भएको खेलमा आयरल्यान्डले दिएको २३६ रनको विशाल लक्ष्य पछ्याएको ओमान १८ ओभरमै अलआउट हुँदै १३९ रनमा समेटियो। यस जितसँगै आयरल्यान्डको सुपर ८ पुग्ने सम्भावना भने जीवितै छ।

ओमानका लागि अमिर कलीमले २९ बलमा ५ चौका र २ छक्कासहित ५० रनको अर्धशतकीय पारी खेले। हमद मिर्जाले ४६ रन जोड्दा सुफियानले १० रन बनाए। तर अन्य ब्याट्सम्यानले उल्लेख्य योगदान दिन सकेनन्।

बलिङतर्फ आयरल्यान्डका जोस लिटलले ४ ओभरमा १६ रन खर्चेर ३ विकेट लिए। म्याथ्यु हम्फ्रेज र ब्यारी म्याकार्थीले दुई-दुई विकेट लिँदा जर्ज डकरेलले एक विकेट लिए।

त्यसअघि पहिले ब्याटिङ गरेको आयरल्यान्डले २० ओभरमा ५ विकेट गुमाउँदै २३५ रनको विशाल योगफल तयार गरेको थियो। कप्तान लोर्कन टकरले ५१ बलमा १० चौका र ४ छक्कासहित ९४ रनको उत्कृष्ट पारी खेले। ग्यारेथ डेलानीले ३० बलमा ५६ रन जोड्दा जर्ज डकरेलले अन्तिममा ९ बलमा ३५ रनको आक्रामक क्यामियो खेले।

ओमानका सकिल अहमदले ३ विकेट लिए भने शाह फैज र अमिर कलीले समान १-१ विकेट लिए।

समूह ‘बी’ मा श्रीलंका र जिम्बाब्वे समान चार-चार अंकसहित शीर्ष दुई स्थानमा छन्। ओमानले लगातार तीन हार व्यहोरेको छ र अब उसको एक खेल मात्र बाँकी छ। यस्तै इंग्ल्यान्डले विश्वकप अन्तर्गत समूह ‘सी’को खेलमा स्कटल्यान्डलाई ५ विकेटले पराजित गरेको छ। कोलकातास्थित इडेन गार्डेनमा भएको खेलमा स्कटल्यान्डले दिएको १५३ रनको लक्ष्य इंग्ल्यान्डले १८.२ ओभरमा ५ विकेट गुमाएर पूरा गऱ्यो। यो जितसँगै इंग्ल्यान्डको सुपर ८ पुग्ने सम्भावना कायम रहेको छ।

इंग्ल्यान्डका लागि टम ब्यान्टनले ४१ बलमा ४ चौका र ३ छक्कासहित अविजित ६३ रन बनाए। ज्याकब बेथेलले ३२ रन जोड्दा साम करनले २८ रनको योगदान दिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको स्कटल्यान्ड १९.४ ओभरमा अलआउट हुँदै १५२ रनमा सीमित भयो। कप्तान रिची बेरिङटनले सर्वाधिक ४९ रन बनाए। माइकल जोन्सले ३३, टम ब्रुसले २४ र ओलिभर डेभिड्सनले २० रन जोडे।

# पुलिसलाई हराउँदै सहारा सेमिफाइनलमा



आहा रारा गोल्डकप

**कास्की/मस-** पोखरामा सञ्चालन भइरहेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा आयोजक सहारा क्लब प्रवेश गरेको छ। पोखरा रंगशालामा शनिबार सम्पन्न पहिलो क्वार्टरफाइनलको रोमाञ्चक खेलमा विभागीय टोली नेपाल पुलिस क्लबलाई ‘सडनडेथ’सम्म पुगेको खेलमा ६-५ गोलले हराउँदै सहाराले अन्तिम चारमा स्थान बनाएको हो।

पुलिस क्लबले खेलको ४९औं मिनेटमा कप्तान राम बाजीको गोलमार्फत अग्रता लिएको थियो। खेलको ६१औं मिनेटमा सहाराले पेनाल्टी पायो। मुकुन्दकुमार निउरेले कुनै गल्ती नगरिकन गोल गर्दै खेल बराबरीमा ल्याए। निर्धारित ९० मिनेट र अतिरिक्त समयमा दुवै टोलीबाट थप गोल हुन नसकेपछि खेलको निर्णय पेनाल्टी सुटआउटमा पुगेको थियो। पेनाल्टीमा पुलिसका राम बाजीको प्रहार असफल रहँदा सहाराका गोलरक्षक टिकेन्द्र थापा पनि गोल गर्नबाट चुके। तर सडेनडेथमा पुगेको खेलमा पुलिसका धिरेन्द्र शाहको प्रहारलाई उत्कृष्ट रूपमा बचाउ गर्दै टिकेन्द्रले टोलीलाई सेमिफाइनल पुऱ्याउन निर्णायक भूमिका खेले।

पेनाल्टीमा सहाराका डिनियल बडारु, प्रशन्न श्रेष्ठ, विनय तामाङ, विक्की चामलिङ राई र शिसश थापाले गोल गरेका छन्। पुलिसका निरज खड्का, दशरथ गिरी, जोन विष्ट, विजय उराव, अमित टमाटा र सञ्जीव लामाले गोल गरेका हुन्।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका सहाराका गोलरक्षक थापा ‘प्लेयर अफ दी म्याच’ घोषित हुँदै नगद १० हजार रुपैयाँसहित ट्रफी प्राप्त गरेका छन्।

**कुवेतमा रोजगार**

कम्पनी: CLASSIC HOME EQIPMENT COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/१०/२६ — चलानी नं.: ६०२५२४६८ — LT. No.: 339041

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Drivers/operators | 16 | 0 | सम्बन्धित काममा दक्ष | 180 | ८५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Eqipment Driver | 15 | 0 | | 180 | ८५,३२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १० गते (22 February 2026) मा हुनेछ।

NOTE : Heavy Eqipment Driver Operators भनेका:excavator Operator, roller Operator, bobcat Operator, jcb Operators, boom Loader Operators, wheel Loader Operators. Kuwait License भएकाहरूलाई विशेष प्राथमिकता दिइनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AARAV Global Recruitment Pvt. Ltd.
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
एकताटोल, सिनामंगल, काठमाडौं (Opposite Hyundai Service Center)
फोन: ०१-४५९२९०५, ०१-४५९२९०६, मो. ९८०२३२३१९५, ९८०२३२३१९७, ९८०२३२३१९८, ९८०२३२३१९९
Email: hiringagr@gmail.com, mail@aaravrecruitment.com, www.facebook.com/aaravglobal.recruitment

**मलेसियामा रोजगार**

कम्पनी: TROPICAL POSTION SDN.BHD. — हर: MALAYSIA
पूर्व स्वीकृत मिति: — चलानी नं.: ६०२५२४४३ — LT. No.:338978

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation | 30 | 0 | स. काममा दक्ष | 1700 | ६३,०१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १० गते (22 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ALLIANCE HUMAN RESOURCES PVT. LTD.
Govt. Licence: 690/063/064
Sinamangal-9, Kathmandu, Nepal | Tel: 01-4578850, 4591791, 4462344
Email:- info@alliancenepal.com, ahr@alliancenepal.com | Web: www.alliancenepal.com

**UAE मा रोजगार**

कम्पनी: ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C — शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२४४७ — LT. No.:338999

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३९,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १० गते (22 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | - | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Goldmines International Overseas Pvt Ltd
श्रम इजाजत पत्र नं.: १७८९/०८२/०८३
Dhumbarahi-04, Kathmandu, Nepal. Tel No: 01- 4500084/ 4500085.
Email: director.admin @goldminesoverseas.com. Website: goldminesoverseas.com.

## नबिल बैंक लिमिटेड, महेन्द्र चोक शाखा, मोरङ्गको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति: २०८२/११/०३)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/१०/२६ को कारोवार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुले को दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा महेन्द्र चोक शाखा, मोरङ्ग**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा मिति २०७०/१२/०९ मा प्रा.फा.र.नं. २६१५३ अन्तर्गत दर्ता भएको **जय इम्पेक्स**।
ठेगाना: मोरङ्ग जिल्ला, धनपालथान गा.पा. वडा नं. ४, कर्सिया।

**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरण:**
गणेश प्रसाद रौनियारको नाति, धर्म प्रसाद रौनियारको छोरा, मोरङ्ग जिल्ला सोराभाग गा.वि.स. वडा नं ३ स्थायी घर भई हाल मोरङ्ग जिल्ला धनपालथान गा.पा. वडा नं ४ बस्ने, ना.प्र.नं. ६१५१८ (जारी मिति २०५८/०६/२८, स्थान मोरङ्ग) भएको **शम्भु प्रसाद रौनियार**।

**ऋणी फर्मका ब्यक्तिगत जमानतकर्ताको विवरण**

गणेश प्रसाद रौनियारको नाति, धर्म प्रसाद रौनियारको छोरा, मोरङ्ग जिल्ला सोराभाग गा.वि.स. वडा नं ३ बस्ने, ना.प्र.नं. ४१४३९ (जारी मिति २०५६/०१/०७, स्थान मोरङ्ग) भएको **वीनोद प्रसाद रौनियार**।

**धितोको विवरण**

मोरङ्ग जिल्ला सोराभाग गा.वि.स. वडा नं ३ स्थायी घर भई हाल मोरङ्ग जिल्ला धनपालथान गा.पा. वडा नं ४ बस्ने, **शम्भु प्रसाद रौनियार**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ्ग जिल्ला कटहरी गा.वि.स. वडा नं. १ सिट नं. १७८०७४५३ मा अवस्थित कि.नं. २८४ क्षेत्रफल २२०.५९ वर्ग मि. जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा महेन्द्र चोक शाखा, मोरङ्ग** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/११/१७ गते ५:०० बजे भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा महेन्द्र चोक शाखा, मोरङ्ग**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/११/१८ गते ३:०० बजे बैंकको **महेन्द्र चोक शाखा, मोरङ्ग**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहादैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको “गुड फर पेमेण्ट” अर्थात् “भुक्तानी योग्य चेक” (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **महेन्द्र चोक शाखा, मोरङ्ग**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४



# मुलुक ‘मेड इन नेपाल’मय बनाउनुपर्छ

*नेपालको पूर्वाधार तथा स्टिल इन्जिनियरिङ कम्पनी हुलास इन्फ्राले औद्योगिक, ऊर्जा र निर्माणको क्षेत्रमा काम गर्दै आएको छ । साथै, सो कम्पनीले प्रि–इन्जिनियर्स बिल्डिङ, ट्रान्समिसन लाइन, जलविद्युत् पूर्वाधार, होटलदेखि कम्पनीको भौतिक संरचना निर्माणमा समेत काम गरिरहेको छ ।*

*त्यस्तै, कम्पनीले अन्तर्राष्ट्रिय मापदण्डअनुसार उच्च गुणस्तरका स्टिल संरचनाहरू निर्माणको काम पनि गरिहरेको छ । प्रस्तुत छ, नेपालको अग्रणी फलामजन्य वस्तु उत्पादन गर्ने कम्पनी हुलास इन्फ्राका सिइओ इन्जिनियर इम्तियाज अलीसँग मध्यान्ह दैनिकका छबि सापकोटाले गरेको कुराकानीको सम्पादित अंश ।*

**इम्तियाज अली**
**सिइओ, हुलास इन्फ्रा**

**नेपालको पूर्वाधार निर्माणमा हुलास इन्फ्राले कसरी काम गरिरहेको छ ?**

हुलास ग्रुप अन्तर्गत हुलास इन्फ्राले नेपालको पूर्वाधार निर्माणमा उत्पादन केन्द्रित भएर काम गर्ने गरेको छ । हामीले प्रि-इन्जिनियर्स बिल्डिङ, ट्रान्समिसन लाइन, जलविद्युत् पूर्वाधार, सडक पूर्वाधार, प्रसारण लाइन तथा सबस्टेसन, होटलदेखि ठूला कम्पनीको पुर्वाधार निर्माणको क्षेत्रमा काम गरिरहेका छौं ।

नेपालको भौतिक पुर्वाधार क्षेत्रमा सरकारीदेखि निजी कम्पनीको लागि आवश्यक स्टिलका उत्पादनको बिक्री वितरणमा हिमाल इन्फ्राले गरिहेको अवस्था छ । पछिल्लो समय हामी नेपालमा लोकप्रिय ब्राण्डको रूपमा अगाडी छौं ।

**नेपालमा लगानीको वातावरण र व्यापारसमेत छैन भन्ने गरिएको छ । यसलाई औद्योगिक क्षेत्रले कसरी हेरिरहेको छ ?**

पछिल्लो समय अर्थतन्त्रमा देखिएको चापले सबैतिर असर गरेको हो तर, देश विकास निर्माणको गतिमा अघि बढ्ने देखिन्छ । फागुन २१ गते देशमा नयाँ निर्वाचन हुँदैछ । त्यसपछि हामीले भौतिक पुर्वाधार निर्माणमा केन्द्रित हुन सक्ने हो भने नेपालका सबै उद्योगमा उभार आउँछ ।

नेपालमा युवा उद्यमी जति पनि हुनुहुन्छ, नेपालमा केही गरौं भनेर लाग्नु भएको छ । युवा व्यवसायीले ‘मेड इन नेपाल’को कन्सेप्टमा लगानी गरेको अवस्था समेत छ । केही वर्ष अघिसम्म भारतबाट आउने वस्तुको उत्पादन नेपालमै हुन थालेका छन् । लगानीकर्तामा समेत अब ‘मेड इन नेपाल’को उत्पादन मोह बढ्दो देखिन्छ ।

भारतमा मेड इन इन्डियाको जुन नारा छ, त्यो सेम कन्सेप्ट अहिले नेपालमा पनि बिस्तारै आउँदै छ । मलाई लाग्छ यो चुनाव पछि धेरै उद्योगमा उभार आउँछ । अहिले बैंकबाट प्राप्त गर्ने सेवा र ब्याजदरले समेत लगानीको वातावरण बन्छ । नेपालमा राम्रो अवसर छ ।

**नेपालमा लगानी गरेर प्रतिफल प्राप्तिको अवस्था कस्तो छ ?**

नेपालमा उत्पादन भएका ‘मेड इन नेपाल’ का प्रोडक्टहरूको खपत बढ्दो छ । नेपाली कम्पनीले समेत गुणस्तरीय उत्पादन गर्न सक्छन् भन्ने प्रमाणित गरेका छन् । अहिले नेपालमा सेजको अवधारणाको विकास भइरहेको छ । औद्योगिक क्षेत्रको कारण नेपालबाट निकासीको काम पनि भइरहेको छ ।

कुनै बेला भारतबाट आउने सिमेन्ट अहिले नेपालबाट भारततर्फ निर्यात हुने गरेको छ । सेजको लागि आवश्यक सामग्री आयातमाम समेत सरकारको सहज बनाएको छ । एक्सपोर्टमा पनि १० प्रतिशतसम्म अनुदान रहेको छ । तर, भौतिक पूर्वाधार निर्माणका अझै धेरै काम हुन बाँकी रहेको निर्माणसँग सम्बन्धित उद्योगको अझै धेरै सम्भावना छ ।

नेपालमा पूर्वाधारको विकास हुँदा हरेक क्षेत्रमा थप प्रगतिको सम्भावना छ । पहिला टाइल्सहरू भारतबाट आउँथ्यो तर, अहिले नेपालमै उत्पादन भइरहेको छ । भारतमा उत्पादन भएको भन्दा गुणस्तरको टाइल्स नेपालमै बनिरहेका छन् । प्लाई उद्योगमा समेत नेपालले राम्रो गरेको छ । यस्तै धेरै उद्योग छन् जसले लगानी र प्रतिफल राम्रो दिएका छन् ।

**लगानीको वातारण बनेपनि किन युवा जनशक्ति कामका लागि विदेश गइरहेका छन् ?**

यसमा हाम्रो समाजको मनोविज्ञानले काम गरेको छ । नेपालमा केही छैन विदेश गए कमाइन्छ भन्ने भाष्यले युवा पलायन बढेको हो । तर, बिस्तारै विदेशबाट कमाएपछि नेपाल फर्केर स्टार्टअप गर्नेको संख्या पनि बढ्दै गएको छ ।

नेपालबाट केही वर्ष अघि मध्य पूर्वमा जाने कामदारहरू अहिले नेपालकै उद्योगमा काम गर्न थालेका छन् । अहिले हिमाल इन्फ्राले समेत विदेशबाट फर्केर आएको व्यक्तिलाई विदेशको बराबर कमाई गर्ने वातावरण बनाएको छ । पछिल्लो समय नेपालमा औद्योगिक नारा ‘हामी नेपाल बनाऔं’ भन्ने छ ।

**निर्वाचनपछि बन्ने नयाँ सरकारले औद्योगिक क्षेत्रको विकासका लागि के गर्नुपर्छ ?**

अब देशमा स्थिर सरकारको आवश्यकता छ । बिगतमा देखिएको अस्थिरताले लगानीको वातावरण बन्न सकेको थिएन । अब हामीले देश बनाउने हो भने स्थिर सरकार र स्थिर नीतिको आवश्यक छ ।

यस्तै हामीले अब यस्ता उत्पादनमुखी उद्योगलाई प्रोत्साहन गरौं, जसले निर्यातको समेत काम गर्न सक्छन् । अहिले बैंक तथा वित्तीय संस्थामा भएको लिक्विडिटीलाई पूर्वाधार निर्माणमा काम गर्न आवश्यक छ ।

जस्तै पर्यटन विकासको लागि सडक पूर्वाधार तत्काल बनाउनु पर्छ । होटल, रिसोर्ट बनिरहेका छन् तर, एयरपोर्टदेखि नै भौतिक पूर्वाधार कमजोर छ । नेपालका पर्यटकीय गन्तव्यसम्म पुग्ने सडक र हवाई यातायातको सहज पहुँच छैन । सडक बनाउन लामो समय लाग्ने गरेको छ । त्यसैले भौतिक पूर्वाधारका परियोजना पूरा गर्न सरकारले ध्यान दिनु पर्छ ।

## प्रदेश र स्थानीय तहमा जाने अनुदान कटौती

**काठमाडौं/मस–** चालु आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक समीक्षा अवधिसम्ममा सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेपछि प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण शीर्षकको अनुदान कटौती गरेको छ ।




महालेखा नियन्त्रक कार्यालयले गत माघ २७ गते सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्ताबापतको रकम कटौती गर्न भनेको हो ।

‘पुस मसान्तसम्म लक्ष्यको तुलनामा ८१ दशमलव ७५ प्रतिशत मात्र राजस्व संकलन भएको र सोही अनुपातमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न अर्थ मन्त्रालयबाट लेखिआएको छ’, महालेखा नियन्त्रक कार्यालयको परिपत्रमा भनिएको छ, ‘जसअनुसार तेस्रो त्रैमासिक किस्तावापत हुने २५ प्रतिशत मध्ये २० दशमलव ४३ प्रतिशत अर्थात् कूल स्वीकृत वार्षिक बजेटमध्ये तेस्रो किस्तासम्मको ७० दशमलव ४३ प्रतिशतमा नबढ्ने गरी प्रदेश तथा स्थानीय तहमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नु गराउन हुन यस कार्यालयको २०८२ माघ २७ गतेको निर्णयानुसार अनुरोध छ ।’

अर्थ मन्त्रालयले गत साउनमा नै चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि ९५ बुँदे मार्गदर्शन जारी गर्दै वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा पहिलो र दोस्रो किस्ता सुरु अनुमानबमोजिम र तेस्रो किस्ता पुस मसान्तको राजस्व लक्ष्य तथा संकलनको अनुपातका आधारमा भुक्तानी गरिने जनाएको थियो । त्यस्तै, चौथो किस्ता चैत मसान्तसमको राजस्वको लक्ष्य तथा संकलनको अनुपातका आधारमा पुनःनिर्धारण गरी हस्तान्तरण गरिने पनि मार्गदर्शनमा उल्लेख छ ।

अर्थ मन्त्रालयका अनुसार यसवर्ष सरकारले १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख कूल आम्दानी गर्ने लक्ष्य राखेकामा पुस मसान्तसम्मको प्राप्ति भने पाँच खर्ब ८८ अर्ब ५१ करोड ४२ लाख अर्थात् वार्षिक लक्ष्यको ३८ दशमलव ३८ प्रतिशत मात्रै छ । यसरी लक्ष्यभन्दा कम राजस्व उठेपछि प्रदेश र स्थानीय तहमा जाने अनुदान कटौती गरिएको हो ।

गत आर्थिक वर्षमा पनि सरकारले यस्तो अनुदान कटौती गरेको थियो भने प्रदेश र स्थानीय तहहरुले ठेक्का लागिसकेका र काम अघि बढिसकेका योजना तथा कार्यक्रमको बजेट कटौती भएको भन्दै असन्तुष्टि पोखेका थिए ।

अघिल्लो वर्ष महालेखा नियन्त्रक कार्यालयले २०८१ माघ २९ मा सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पत्र पठाउँदै तेस्रो किस्ताबापतको वित्तीय समानीकरण अनुदानमा २५ प्रतिशतमध्ये १३ दशमलव २४ प्रतिशत अर्थात् वार्षिक बजेटको ६३ दशमलव २४ प्रतिशत नबढ्ने गरी बजेट निकासा गर्न भनेको थियो । तर प्रदेश तथा स्थानीय तहको चर्को विरोध पछि महालेखा नियन्त्रक कार्यालयले त्यसलाई संशोधन गरेर २०८१ फागुन १३ गते अर्को परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्तावापतको भुक्तानी हुने रकम केही बढाएको थियो ।

जसअनुसार तेस्रो किस्ताबापतको २५ प्रतिशतमध्ये २१ दशमलव ०८ प्रतिशत अर्थात् कूल स्वीकृत वार्षिक बजेटमध्ये तेस्रो किस्तासम्मको ७१ दशमलव ०८ प्रतिशत नबढ्ने गरी वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन भनेको थियो । तल्लो तहमा जाने यस्तो अनुदान तेस्रो किस्ता मात्र नभई अन्तिम किस्ता पनि कटौती भएको थियो । अर्थ मन्त्रालयले २०८२ वैशाख १६ गते महालेखा नियन्त्रक कार्यालयलाई पत्र लेख्दै चौथो किस्ताबापतको वित्तीय समानीकरण अनुदान कटौती गर्न भनेको थियो । अर्थ मन्त्रालयको सो निर्देशन पछि महालेखा नियन्त्रक कार्यालयले वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताबापतको २० दशमलव ६८ प्रतिशत हिस्सा मात्रै पठाउने निर्णय गरेको थियो ।

गत आवमा प्रदेश तथा स्थानीय तहहरूले कूल स्वीकृत वार्षिक बजेटमध्ये चौथो किस्तासम्मको ९१ दशमलव ७६ प्रतिशत बराबर मात्रै बजेट पाएका थिए ।

## ‘ओप्पो रेनो १५’ सिरिज नेपालमा

**काठमाडौं/मस–** ओप्पो नेपालले रेनो सिरिज अन्तर्गतको नयाँ स्मार्टफोन ओप्पो रेनो १५ फाइभ जी सार्वजनिक गरेको छ । फ्ल्यागसिप स्तरको उपकरणका रूपमा प्रस्तुत गरिएको आधुनिक प्रविधि, परिष्कृत डिजाइन र प्रयोगकर्ता-केन्द्रित विशेषतालाई समेट्दै निर्माण गरिएको सो स्मार्टफोन नेपाली बजारमा आएको हो ।




ओप्पो रेनो १५ फाइभ जी मा ६ दशमलव ५९ इन्चको फुल एचडी प्लस एमोलेड डिस्प्ले १२० हर्ज रिफ्रेस रेटसहित उपलब्ध छ, जसले स्पष्ट, उज्यालो र स्मूथ दृश्य अनुभव प्रदान गर्ने कम्पनीले जनाएको छ । स्मार्टफोनलाई क्वालकम स्न्यापड्रागन ७ जेन ४ मोबाइल प्लेटफर्मद्वारा सञ्चालन गरिएको छ । फोनमा ६ हजार ५ सय एमएएच क्षमताको ब्याट्री र ८० वाट सुपरभुक द्रुत चार्जिङ प्रविधि रहेको छ ।

फोटोग्राफी क्षमतालाई विशेष प्राथमिकता दिँदै यसमा अप्टिकल इमेज स्टेबलाइजेसन सहितको ५० मेगापिक्सेल मुख्य क्यामेराको नेतृत्वमा ट्रिपल रियर क्यामेरा प्रणाली समावेश गरिएको छ । यसअन्तर्गत ५० मेगापिक्सेल टेलिफोटो क्यामेरा र ८ मेगापिक्सेल अल्ट्रा-वाइड क्यामेरा रहेका छन् । अगाडीतर्फ ४ के भिडियो रेकर्डिङ समर्थन गर्ने ५० मेगापिक्सेल अल्ट्रा-वाइड फ्रन्ट क्यामेराले सेल्फी र भिडियो सामग्री सिर्जनालाई थप प्रभावकारी बनाउने कम्पनीको दाबी छ ।

डिस्प्लेले १ दशमलव शून्य ७ अर्ब रङ समर्थन गर्ने, १ हजार २ सय निट्ससम्मको उच्च चमक प्रदान गर्ने तथा गोरिल्ला ग्लास सेभेन आइ सुरक्षा सहित आउने भएकाले दृश्य स्पष्टता र मजबुती दुवै सुनिश्चित गर्दछ । कलरओएस १६ मा आधारित यस स्मार्टफोनमा इन-डिस्प्ले फिंगरप्रिन्ट र फेस अनलक सुविधा पनि समावेश छ ।

वितरक कम्पनीका अनुसार नेपाली बजारमा ओप्पो रेनो १५ (१२ जीबी+५१२ जीबी)को मूल्य ८९ हजार ९९९ र ओप्पो रेनो १५एफ (१२ जीबी+५१२ जीबी)को मूल्य ६९ हजार ९९९ रुपैयाँ रहेको छ ।

## भिभो वाई ३१ डी नेपाली बजारमा आउँदै

**काठमाडौं/मस–** भिभोले अब आफ्नो अहिलेसम्मकै सबैभन्दा ठुलो ब्याट्रीसहितको नयाँ स्मार्टफोन भिभो वाई ३१डी सार्वजनिक गर्ने तयारीमा छ । मनोरञ्जन, व्यस्त यात्रा र निरन्तर कामका लागि डिजाइन गरिएको सो स्मार्टफोनले दैनिक प्रयोगमा लामो समयसम्म भरपर्दो साथ दिने कम्पनी अपेक्षा छ ।

सामान्यतया करिब ५ हजार एमएएच वरिपरि सीमित रहने स्मार्टफोन ब्याट्री क्षमताभन्दा धेरै भिभो वाई ३१डीमा ७ हजार २ सय एमएएचको विशाल ब्याट्री रहनेछ । जुन भिभोको अहिलेसम्मकै सबैभन्दा ठुलो ब्याट्री हो । छिटो चार्जिङका लागि यसमा ४४ वाटको फ्ल्यासचार्ज सपोर्ट रहने बताइएको छ, जसले छोटो समयमा नै फोनलाई फेरि प्रयोगका लागि तयार पार्नेछ ।

डिजाइनतर्फ, भिभो वाई ३१डी लाई हल्का तौल, आरामदायी ग्रिप र प्रिमियम लुकका साथ तयार पारिएको बताइएको छ, जसले यसलाई स्टाइलिस र दैनिक प्रयोगका लागि झन् सहज बनाउनेछ । भिभो वाई ३१डीको आधिकारिक घोषणा छिट्टै हुने जनाइएको छ ।




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**